पत्रिका समयमा नपुगेमा मोबाइल नम्बर ९८१०२९०४७४ मा सम्पर्क गर्नुहोस्

समाजलाई जोड्ने सत्य सञ्चार
राष्ट्रिय दैनिक

# टुडे एक्सप्रेस

www.etodayexpress.com

इ-पेपर हेर्नका लागि

वर्ष १६ | अंक ११५ | पृष्ठ ८ | २०७७ चैत ०२ सोमवार (2021 MARCH 15 MONDAY) | मुल्य रु ५।-

माओवादी केन्द्रीय कमिटी बैठक 03 | कोभिड-१९ सङ्क्रमणबाट निधन हुने शून्य 05 | अझै खुल्ला भएन सत्ती भन्सार नाका 07

# मालपोतमा बम विस्फोट



फोटोहरू : जयनाथ यादव, लहान

- कार्यालयका नायब सुब्बासहित ९ जना घाईते
- गम्भीर घाईतेलाई काठमाडौं र विराटनगर लगियो
- भूमिगत समूहका जयकृष्ण गोइतले लिए जिम्मा

### घाईतेहरूको विवरण

१) शिव कुमार यादव, नायब सुब्बा (बिष्णपुर गाउँपालिका, सिरहा)
२) भोला बहादुर मगर, लेखापढी व्यवसायी
३) लक्ष्मी राना (३५), गोलबजार नगरपालिका ६ सिरहा
४) बेचनी मगर, गोलबजार नगरपालिका ६ सिरहा
५) लाल बहादुर बिश्वकर्मा (५२), सिरहा नगरपालिका १६
६) फूलकुमारी ठाकुर (३८), गोलबजार, सिरहा
७) बद्रिनारायण यादव (५४), भगवानपुर गाउँपालिका, सिरहा
८) दिनेश भण्डारी (३५), धनगडीमाई नगरपालिका ४ सिरहा

**आशिष विश्वकर्मा** / लहान

मालपोत कार्यालय लहानमा आईतवार दिउँसो भएको बम विस्फोटमा परी एक कर्मचारीसहित ८ जना घाईते भएका छन्। जसमध्ये दुईजनाको अवस्था गम्भीर छ।

गम्भीर घाईते भएका धनगढीमाई नगरपालिका १३ का ३५ बर्षीय दिनेश भण्डारीलाई थप उपचारका लागि काठमाडौं लगिएको छ। संघीय सरकारका कानूनमन्त्री लीलानाथ श्रेष्ठको पहलमा उनलाई हेलिकप्टरबाट काठमाडौं लगिएको हो। काठमाडौंस्थित ट्रमा सेन्टरमा उनलाई भर्ना गराएको छ। उनी जग्गा सम्बन्धी काम गराउन मालपोत पुगेका बेला घाईते भएका थिए।

यस्तै अर्का गम्भीर घाईते विष्णुपुर घर भई मालपोत कार्यालयमै कार्यरत नायब सुब्बा शिवकुमार यादवलाई एम्बुलेन्सबाट विराटनगर लगिएको छ। अन्य ६ जनाको उपचार लहानस्थित विभिन्न अस्पतालमा भइरहेको छ। सिरहाका सहायक प्रमुख जिल्ला अधिकारी कृष्णकुमार निरौलाले भने, 'सामान्य घाईते ६ जनाको उपचार तत्काल लहानमा हुँदैछ। यहाँ सम्भव नभएमा चिकित्सकको सल्लाह अनुसार बाहिर लगिने छ।'

मालपोतमा आईतवार १२ बजेर ४० मिनेटमा बम विस्फोट भएको थियो। कार्यालयको पहिलो तल्लामा रहेको मोठ शाखामा बम विस्फोट भएको प्रहरीले जनाएको छ। विस्फोट भएपछि कार्यालयमा भागभाग मचेको थियो। करिब डेढ सय मिटरको दुरीमा मात्र रहेको ईलाका प्रहरी कार्यालय छ। विस्फोटको आवाज सुनेवित्तिकै प्रहरी घटनास्थल पुगेर घाईतेहरूको उद्धार गरे।

विस्फोटबाट कार्यालयमा पनि क्षति पुगेको छ। भवनको पर्खाल चर्केको छ भने टेल कुर्सी क्षतविक्षत बनेको छ। कार्यालयका महत्वपूर्ण कागजात समेत जलेको प्रहरीले जनाएको छ। विस्फोटपछि कार्यालयमा लागेको आगो बारुण यन्त्रको सहयोगमा नियन्त्रणमा लिएको छ।

विस्फोट स्थलमा प्रेसर कुकरका टुक्राहरू फेला परेको छ। कार्यालयमा बम कसले राखेको कुरा खुल्न सकेका छैन। सहायक प्रजिअ निरौलाले कार्यालयमा रहेको सिसि क्यामेरा फुटेजको आधारमा अनुसन्धान भइरहेको बताए। उनले भने, 'एक युवक बम राखेको सिसि क्यामेरा फुटेमा देखिएको छ। उनको अनुहार समेत देखिएको छ। उनी को हुन् भन्ने विषयमा प्रहरी अनुसन्धान गरिरहेका छन्।'

घटनास्थलमा जनतान्त्रिक तराई मुक्ति मोर्चा (क्रान्तिकारी)को पर्चा फेला परेको थियो। मोर्चाका अध्यक्ष जयकृष्ण गोइतले विज्ञप्ती जारी गरेर पनि विस्फोटको जिम्मा लिएका छन्। 'तराईमा भ्रष्टाचार विरोधी अभियानअन्तर्गत सो विस्फोट गराइएको' गोइतले जारी गरेको विज्ञप्तीमा उल्लेख छ। उनले भ्रष्टाचार र अपराध जारी नै रहे अझ 'उच्चस्तरको कारबाही गरिने र त्यसको जिम्मेवार नेपाल सरकार र प्रदेश सरकार हुनुपर्ने चेतावनी समेत दिएका छन्।

# गोइतका विश्वासिला नेता यादवद्वारा आत्मसमर्पण

**टुडे एक्सप्रेस** / जनकपुरधाम

जनतान्त्रिक तराई मुक्ति मोर्चा (क्रान्तिकारी)का अध्यक्ष जयकृष्ण गोइतको विश्वासिलो नेता रामविलास यादवले आत्मसमर्पण गरेका छन्। उनी लहानस्थित मालपोत कार्यालयमा भएको बम विस्फोटभन्दा केहि घण्टा अगाडी मात्र आत्मसमर्पण गरेका थिए।

सिरहा नगरपालिका १९ घर भएका अन्दाजी ६३ वर्षीय यादव २०६१ मा भूमिगत भएका थिए। त्यसअघि उनी माओवादी जनयुद्ध गरेका थिए। मोओवादीले मधेसमा मुद्दा छाडेको भन्दै गोइतको नेतृत्वमा उनी जनतान्त्रिक तराई मुक्ति मोर्चाको गठन गरेको थियो। उनी सिरहा क्याम्पसका पूर्व प्राध्यापक पनि हुन्।

संघीय सरकारका कानून मन्त्री लीलानाथ श्रेष्ठको पहलमा उनी आत्मसमर्पण गरेको सिरहाका सहायक प्रमुख जिल्ला अधिकारी कृष्णकुमार निरौलाले जानकारी दिए। उनका अनुसार मन्त्री श्रेष्ठ नै उनलाई जिल्ला प्रशासन कार्यालयमा ल्याएर आत्मसमर्पण गराएका हुन्। यादव मोर्चाका सेकेन्ड म्यान थिए।

यादवमाथि बम विस्फोट सम्बन्धी दुई मुद्दा प्रहरीमा दर्ता रहेको छ। यद्दपी आत्मसमर्पण गरेलगत्तै उनलाई छाडिएको छ।

सहायक प्रजिअ निरौलाले भने, 'आत्मसमर्पण गरेका यादवलाई के गर्ने विषयमा केन्द्रसँग सल्लाह गर् यौं। उताबाट आएको निर्देशन अनुसार निगरानीमा राखेर छाडेका छौं।'

# साहलाई ५१ किलोको माला

**टुडे एक्सप्रेस** / जनकपुरधाम



'बीबीसी मास्टर सेफ प्रोफेसनल सिरिज-२०२०'का उपविजेता सन्तोष साहलाई जनकपुर विमानस्थलमा भव्य स्वागत गरिएको छ।

आइतबार काठमाडौंबाट पुर्ख्यौली घर सिरहाको कर्जन्हा जानेक्रममा जनकपुर आइपुगेका साहलाई जनकपुरधाम उपमहानगरपालिका ३ का वडाध्यक्ष दिपेन्द्र साहको अगुवाइमा युवाहरूले ५१ किलोको माला लगाएर स्वागत गरेका हुन्। साथै युवाहरूले विमानस्थलमा केक काटेर खु:शी साटासाट गरेका छन्।

बेलायतमा बस्दै आएका साह फागुन १३ गते काठमाडौं आइपुगेका थिए। १७ दिन काठाडमौं बसेर उनी पुर्ख्यौली घर जान लागेका हुन्। साहलाई लिन ९५ वर्षीया आमा सोमरीदेवी, दाइ, भाउजू र भतिजी जनकपुर विमानस्थल पुगेका थिए। साहले आमाको नजिक पुगेलगत्तै अंगालो मारे। त्यसपछि आमा र भाउजूले आरति गर्दै टीका लगाइदिए।

स्वगतपछि उनी कुकलाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन जरुरी रहेको बताए। उनले भने, 'म यो पेसाप्रतिको सोच परिवर्तन होस् भन्ने चाहन्छु। र यसकै लागि म नेपाल आएको छु।'

### नेपाल-खनाल समूहको माग

# ओली पक्षको निर्णय कार्यान्वयन नगर

**टुडे एक्सप्रेस** / काठमाडौं



नेकपा एमालेमा संस्थापनपक्ष र बरिष्ट नेता माधव नेपाल-झलनाथ खनाल समूहबीच विवाद चर्केको छ। पछिल्लो समय संस्थापन पक्षले गरेको निर्णय कार्यान्वयन नगर्न नेपाल-खनाल समूहले माग गर्दै आईतवार निर्वाचन आयोगान पत्र बुझाएका हुन्। पत्रमा ओली पक्षले हुकुमी शैलीमा गरेका निर्णयलाई वैधानिकता नदिन अनुरोध गरिएको छ। नेपाल पक्षका ११ जना स्थायी कमिटी सदस्यहरूले हस्ताक्षर गरेर आयोगमा पत्र बुझाएको नेपाल पक्षका नेता भीम आचार्यले जानकारी दिए।

पत्रमा वरिष्ठ नेताद्वय झलनाथ खनाल, माधव कुमार नेपाल, उपाध्यक्षत्रय युवराज ज्ञवाली, अष्ठलक्ष्मी शाक्य, भीम रावल, उपमहासचिव घनश्याम भुसाल, सचिव भीम प्रसाद आयार्य, गोकर्ण विष्ट, योगेश भट्टराई, स्थायी कमिटी सदस्यद्वय मुकुन्द न्यौपाने र सुरेन्द्र पाण्डेले पत्रमा हस्ताक्षर गरेका छन्।

पत्रमा पार्टीको विधानको धारा १३ र १३ (क) बमोजिम पार्टी विधानको संशोधन केवल राष्ट्रिय महाधिवेशन र विधान अधिवेशनले मात्र गर्न सक्ने स्मरण गराइएको छ। पार्टी विधानको धारा ४१ मा पार्टीका विभिन्न कमिटीका बैठकहरूको आयोजना हुने विधि निर्धारण गरिएको छ।

केन्द्रीय कमिटीको बैठक हुनुपूर्व सचिवालय र स्थायी कमिटीका बैठक बसी केन्द्रीय कमिटीको बैठकको कार्यसूची तय गर्ने नेकपा (एमाले) को विधि, पद्दति र अभ्यास रहँदै आएको छ। त्यसो नगरी बोलाइएको कुनै बैठक र त्यसले गरेका निर्णयहरू पार्टी विधान अनुकुल ठहरिंदैनन्- पत्रमा भनिएको छ।

शुक्रबार ओली पक्षले आफू निकटका केन्द्रीय सदस्यहरूको भेला गरेर नेपाल समूहका नेताहरूको जिम्मेवारी खोस्दै आफूपक्षिय नेताहरूलाई जिम्मेवारी दिएको थियो। त्यस्तै पार्टी केन्द्रीय कमिटीमा सदस्य थप गर्नेदेखि विधान संशोधन गर्ने निर्णय गरेको थियो। सर्वोच्च अदालतले नेकपा पार्टीको आधिकारिकता ऋषि कट्टेललाई दिँदै तत्कालिन नेकपा एमाले र माओवादी केन्द्र व्यूताउने फैसला गरेपछि एमालेमा किचलो देखिएको छ।

ओली पक्षले नेपाल समूहका नेताहरूको जिम्मेवारी खोसेपछि नेपाल नेपाल-खनाल समूहले शनिबार समानान्तर कमिटी गठन गरेको थियो।

कोभिड-१९ को खोप अभियान

कोरोना भाइरस रोगको संक्रमणबाट बच्न सबैले सरकारले तोकेको प्रथमिकता अनुसार आ-आफ्नो पालोमा कोभिड-१९ खोप लगाऔं

- विश्व स्वास्थ्य संगठनबाट प्रयोगका लागी अनुमति प्राप्त यो खोप प्रभावकारी र सुरक्षित छ।
- आफ्नो क्षेत्रको तोकिएको स्वास्थ्य संस्थामा गई नि :शुल्क खोप लगाऔं।
- खोप लगाउन जाँदा उमेर खुल्ने सरकारी परिचय पत्र वा वडाको सिफरिस लिएर जाऔं।
- खोप लगाएपछि खोप कार्ड लिऔं र सुरक्षित राखौं।
- यो खोपको दुई मात्रा लगाउनुपर्छ। पहिलो मात्रा लगाएको ८ हप्ता पुरा भएपछि, १२ हप्ता भित्रमा दोस्रो मात्रा लगाऔं।
- यो खोप लगाएपछि खोप लगाएको ठाउँमा दुख्ने, टाउको दुख्ने, शरीर दुख्ने, थकान महसुस हुने, ज्वरो आउने जस्ता समान्य असरहरु हुन सक्छन्। यस्ता असरहरु केही समयपछि आफै ठिक भएर जान्छन्।
- खोप लगाएपछि पनि साबुनपानीले हात धुने, मास्क लगाउने तथा अर्को व्यक्तिसँग २ मिटर दुरी कायम गरौं।



कोभिड १९ खोप सम्बन्धी थप जानकारीका लागी नजिकका स्वास्थ्य संस्था वा हटलाइन १११५ वा ११३३ मा फोन गरौं।

नेपाल सरकार
चन्द्रपुर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
प्रदेश २, नेपाल

Vaccine Covide-19 10 ml

कोभिड-१९ को खोप अभियान

कोरोना भाइरस रोगको संक्रमणबाट बच्न सबैले सरकारले तोकेको प्रथमिकता अनुसार आ-आफ्नो पालोमा कोभिड-१९ खोप लगाऔं

- विश्व स्वास्थ्य संगठनबाट प्रयोगका लागी अनुमति प्राप्त यो खोप प्रभावकारी र सुरक्षित छ।
- आफ्नो क्षेत्रको तोकिएको स्वास्थ्य संस्थामा गई नि :शुल्क खोप लगाऔं।
- खोप लगाउन जाँदा उमेर खुल्ने सरकारी परिचय पत्र वा वडाको सिफरिस लिएर जाऔं।
- खोप लगाएपछि खोप कार्ड लिऔं र सुरक्षित राखौं।
- यो खोपको दुई मात्रा लगाउनुपर्छ। पहिलो मात्रा लगाएको ८ हप्ता पुरा भएपछि, १२ हप्ता भित्रमा दोस्रो मात्रा लगाऔं।
- यो खोप लगाएपछि खोप लगाएको ठाउँमा दुख्ने, टाउको दुख्ने, शरीर दुख्ने, थकान महसुस हुने, ज्वरो आउने जस्ता समान्य असरहरु हुन सक्छन्। यस्ता असरहरु केही समयपछि आफै ठिक भएर जान्छन्।
- खोप लगाएपछि पनि साबुनपानीले हात धुने, मास्क लगाउने तथा अर्को व्यक्तिसँग २ मिटर दुरी कायम गरौं।



कोभिड १९ खोप सम्बन्धी थप जानकारीका लागी नजिकका स्वास्थ्य संस्था वा हटलाइन १११५ वा ११३३ मा फोन गरौं।

नेपाल सरकार
जनकनन्दिनी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
प्रदेश २, नेपाल

Vaccine Covide-19 10 ml

## १० वर्ष देखि बनेन जिल्ला कारागार

# कैदी–बन्दी व्यवस्थापनमा समस्या




**मनोज यादव** / सर्लाही

विगत १० वर्षदेखि निर्मानाधिन अवस्थामा रहेको सर्लाही जिल्ला कारागारको निर्माणकार्य अझै पूरा भएको छैन। निर्माणकार्यमा ढिलाइ हुँदा अदालतबाट सजाय तोकिएका र पुर्पक्षका लागि कारागार चलान गरिने कैदीबन्दीहरूको व्यवस्थापनमा समस्या हुँदै आएको छ।

कारागार निर्माणको जिम्मा लिएका ठेकेदारको हेलचक्राइका कारण कारागार भवन निर्माणमा ढिलाई भएको हो। भवन नबन्दा जिल्लाका कैदीबन्दीहरूको व्यवस्थापन गर्न समस्या परेको छ। ठेकेदारले सम्झौताअनुरुप समयमा काम सम्पन्न गरेको छैन। अदालतबाट सजाए तोकिएका र पुर्पक्षका लागि कारागार चलान गरिने कैदीबन्दीहरूलाई जिल्ला प्रहरी कार्यालय सर्लाहीले छिमेकी जिल्लाको कारागारमा राख्ने व्यवस्था मिलाउँदै आएको छ।

कारागार संचालन नहुँदा कैदीबन्दीहरूको व्यवस्थापनमा निकै समस्या परेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रवक्ता एवं प्रहरी नायव उपरीक्षक (डिएसपी)मदन कुवँरले बताए। फैसला तोकिएका पुरुष कैदीबन्दीलाई सिन्धुली कारागार र महिला कैदीबन्दीलाई महोत्तरीको जलेश्वर कारागारमा पठाउने गरिएको प्रहरी प्रवक्ता डिएसपी कुवँरले बताए।

कारागार नहुँदा अदालतबाट फैसला भैसकेको र पुर्वपक्षका लागि कारागार चलान गरिएका कैदीबन्दीलाई पनि प्रहरीकै थुनुवा कोठामा राख्नु पर्ने बाध्यता रहँदै आएको छ। तर पनि हामीले अदालतबाट तोकिएको जिल्ला कारगारमा कैदीबन्दी पठाउने व्यवस्था मिलाउँदै आएका छौ डिएसपी कुँवरले भने।

ठेक्का सकार गर्ने कम्पनीले तदारुकताका साथ आफ्नो काम नगरेकोले अहिले सम्म सर्लाही कारागार संचालनमा आउन नसकेको सर्लाही कारागारका प्रमुख राम नरेश रामले बताए। ठेकेदारलाई छिटो भन्दा छिटो काम सम्पन्न गर्न भनिसकेको कारागार प्रमुख रामले बताए। ठेकेदार कम्पनीले थपेको म्याद २ महिना अगाडि नै सकिसकेको छ। कोरोनाका कारण काम गर्न नपाएको र अब आगामी अषाढ मसान्तसम्म कारागारको सम्पूर्ण निर्माणकार्य सम्पन्न हुने ठेकेदार कम्पनीको भनाईलाई उदृत गर्दै कारागार प्रमुख रामले बताए।

जीर्ण कारागार पुनर्निर्माणका लागि भन्दै २०६६ कात्तिक देखि नै उक्त कारागारबाट कैदीबन्दीहरूलाई खाली गराउन सुरु गरिएको थियो। २ वर्ष भित्र निर्माण सम्पन्न गर्ने भनेर २०६७ साल भाद्र १ गते ललितपुरको जे.भी कन्स्ट्रक्सनले सम्झौता गरेको थियो। तर ठेकेदार कम्पनीले निर्माण सामाग्रीको मुल्य वृद्धि भएको बताउँदै अब हामी सक्दैनौं भन्दै निर्माण कार्य बिचैमा अलपत्र छोडेको छ।

सरकारले पुनः दोस्रो पटक २०७३ साल मंसिर ६ गते सर्लाहीस्थित पुरुष तथा महिला बन्दीगृह निर्माण गर्न सम्झौता गर्यो। सरकारले ४ करोड १६ लाख ८४ हजार २ सय ७८ रुपैयाँको लगानीमा दुई वर्षभित्र निर्माण हुने गरि रामजानकी निर्माण सेवा प्रा.लि.जनकपुरसँग सम्झौता गर्यो। तर ठेक्काको म्याद सकेको करिब २ वर्ष बित्दा समेत ६५ प्रतिशत मात्र काम सम्पन्न भएको छ। थपिएको समय सिमा सकेको पनि दुई महिना कटिसकेको छ तर ठेक्काको म्याद अझै थप्न दौडधुप भईरहेको छ। २ वर्षे ठेक्काको अवधि अहिले चार वर्ष भन्दा बढि भइसकेको भएपनि हालसम्म कारागार निर्माण भएको छैन। काम सम्पन्न कहिले हुने हो ? भन्ने कुराको पनि छाँटकाँट देखिंदैन।

कारागार निर्माणमा भएको ढिलाइ तथा अन्य जिल्लाको तुलनामा सर्लाहीमा कैदीबन्दीको चाप बढी भएको कारणले गर्दा पनि कैदीबन्दीको व्यवस्थापनमा समस्या देखिएको छ। २०६७ साल देखि निर्माणाधिन अवस्थामा रहेको सर्लाही कारागार अझै कति वर्षमा बन्ने हो टुंगो लागेको छैन।

# पत्रकार आचार संहिता पालना गर्नु पर्नेमा जोड




**विनय कर्ण** / सप्तरी

पत्रकारले आचार संहिता भित्र रहेर पत्रकारिता गरे जोखिम कम हुने एक कार्यक्रममा वक्ताहरूले बताएका छन्।

नेपाल पत्रकार महासंघ मधेश समितिले राजविराजमा आईतवार आयोजना गरेको "जिम्मेवार तथा उत्तरदायी पत्रकारिता" तथा "सुरक्षित र व्यवसायिक पत्रकारिताका लागि महासंघको भूमिका" विषयक अन्तरसम्वाद कार्यक्रममा बोल्दै वक्ताहरूले पत्रकारले आचार संहिता पालन नगरी पत्रकारिता गरेकै कारण पेशागत असुरक्षा बढेको प्रति चिन्ता व्यक्त गर्दै सुरक्षित र मर्यादित पत्रकारिताका लागि आचार संहिता पालना गर्नुपर्नेमा जोड दिए।

उनीहरूले अहिले सम्म पनि श्रमजीवी पत्रकारले न्यूनतम पारिश्रमिक पाउन नसकेको प्रति चिन्ता व्यक्त गरे। 'पत्रकारिता जब सम्म जीवनयापनको माध्यम बन्न सक्दैन तब सम्म स्वस्थ पत्रकारिता गर्न सकिँदैन। त्यसैले पत्रकारिता पेशामा लागेकाहरूको जीवन धान्न सकिने पारिश्रमिकको व्यवस्था होस् अनि मात्रै व्यवसायिक रुपमा पत्रकारिता अगाडी बढ्छ' सहभागी पत्रकारहरूले भने।

कार्यक्रमका प्रमुख अतिथि नेपाल पत्रकार महासंघका केन्द्रिय अध्यक्ष गोविन्द आचार्यले प्रेस स्वतन्त्रता र पत्रकारको हक हितको रक्षा नै पत्रकार महासंघको पहिलो लक्ष्य भएको बताएका छन्।

उनले प्रदेश नम्बर २ को सरकारले मिडिया माथि नियन्त्रण राख्न संविधानसँग बाँझिने गरी ल्याएको कानुन प्रति असंतुष्टि व्यक्त गर्दै त्यसलाई संशोधन गर्न माग गरे। 'मैले प्रदेश नम्बर २ का मुख्यमन्त्रीसँग भेटेर यसबारे कुरा गरेको छु र वहाँले ऐन संशोधन गर्ने भन्नु भएको छ, ' अध्यक्ष आचार्यले भने, 'संविधानले प्रेस स्वतन्त्रताको ग्यारेण्टी गरेको छ यता प्रदेश सरकारले अंकुश लगाउने काम गरेको छ।'

नेपाल पत्रकार महासंघ शाखा सप्तरीको समन्वयमा आयोजना गरिएको कार्यक्रममा विशिष्ट अतिथि महासंघका केन्द्रीय कोषाध्यक्ष राजेश मिश्र, आम सञ्चार प्राधिकरण प्रदेश २ का अध्यक्ष श्यामसुन्दर यादव, मिडिया काउन्सीलका अध्यक्ष शिवहरी प्रसाद भट्टराई लगायतका वक्ताहरूले पत्रकारहरूलाई अनुशासित भएर पत्रकारिता गर्न सुझाव दिए। उनीहरूले आउने दिनमा सञ्चार माध्यम र संचारकर्मीलाई सबल बनाउन काम गर्ने बताए।

महासंघ शाखा सप्तरीका अध्यक्ष जितेन्द्र खड्काको अध्यक्षामा आयोजित कार्यक्रमका पुर्व अध्यक्षहरू बैद्यनाथ झा, मुरली प्रसाद यादव, व्याशशंकर उपाध्याय, धीरेन्द्र प्रसाद साह, प्रकाश खतिवडा, झापा शखाका अध्यक्ष तारामणि सापकोटा, सिरहा अध्यक्ष दिनेश्वर गुप्ता, रौतहट अध्यक्ष रविन्द्र साह लगायतकाले सुरक्षित र व्यवसायिक पत्रकारिताबारे धारणा राखेका थिए।

## आजको राशिफल



**ई. बिबेक**
प्रसिद्ध ज्योतिषाचार्य

परामर्शको लागि सम्पर्क ९८१२००५३७८

**मेष** : लाभ, हानी, आय, व्यय, सुख, दुख वरावरी हुनेछ । मध्यम खालको दिन छ, तर आत्मबल बढाएर काम गरेमा असफल भइँदैन ।

**वृष** : छोटो दुरीको लाभदायक यात्रा रहला । मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ । विशिष्ठ व्यक्तिको साथ पाईनेछ । शुभ कार्यको चर्चा चल्नेछ ॥

**मिथुन** : घरमा अतिथीको आगमन हुनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । कुटुम्बको सहयोग मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

**कर्कट** : न्यायिक कार्यमा सफलता मिल्नेछ । सांस्कृतिक क्षेत्रमा रूची बढ्नेछ । साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन् । लाभदायक यात्रा रहला ।

**सिंह** : दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । स्वादिष्ट भोजन पाईनेछ । धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् । वित्तीय संस्थाबाट सहयोग पाईनेछ ।

**कन्या** : मनमा दुविधा उत्पन्न हुनेछ । मनमा निरासा र शरीरमा आलस्य आउला । आफ्नो अधिकार प्राप्तिका लागि संघर्श गर्नु पर्ला । प्रेममा विवाद पनि आउला ।

**तुला** : मनमा शान्ति र अनुहारमा कान्ति छाउला । दाम्पत्य जीवन सुखमय हुनेछ । लगनशीलताले कामहरु अगाडी बढ्नेछन् ।

**वृश्चिक** : आफ्नै दक्षतामा विभिन्न कार्यहरु सम्पन्न हुनेछन् । प्रेम जीवन सफल र सुखद् रहने देखिन्छ । इच्छा र आर्कषक पूर्ण हुनेछ ।

**धनु** : सामाजिक कार्यमा मन जाला । कूटनीतिक नियोगको सहयोग मिल्ला । अतिथिको रुपमा सत्कार पईनेछ । वैदेशिक क्षेत्रबाट पनि सफलता मिल्नेछ ।

**मकर** : विपक्षीको छलकपट तथा जालझेलबाट सावधान रहनुपर्नेछ । ताके अनुरुप काम नबन्नाले दिक्क लाग्नेछ । जिद्दीपनाले गर्दा काम बिग्रने डर छ ।

**कुम्भ** : आज सामाजिक तथा धार्मिक कार्यमा रूची बढ्नेछ । दैनिक कार्यमा सफलता पाईनेछ । व्यापार व्यवसायमा पनि सफलता पाईनेछ ।

**मिन** : आज ठीक समयमा सही निर्णय लिन सकिनेछ । मनमा हर्ष,उमङ्ग र उत्साह छाउने छ । शेयर बजारको कारोबारमा पनि सफलतामिल्न सक्छ ।

# ५०औं पटक रक्तदान गर्ने सीताराम

**टुडे एक्सप्रेस** / जनकपुरधाम

भनिन्छ रक्तदान नै जीवन दान हो। अर्थात् रगतको दान गर्नु जीवन दान गर्नु सरह सरह मानिन्छ। यो नारा दिइएपनि अहिले पनि कतिपय व्यक्ति रक्तदान गर्न हिच्किचाउँछन्। तर, जनकपुरधामक एक यस्ता युवा छन् जो कमै उमेरमा ५०औं पटकसम्म रक्तादन गर्ने व्यक्तिमा गनिन्छन्।

ती हुन्, हनुमान नामले परिचित सीताराम यादव। यसअघि ४९ पटक रक्तदान गरिसकेका यादवले आईतवार ५० औं पटक रक्तदान गरेका छन्। जनता समाजवादी पार्टी धनुषाका युवा नेता रहेका उनले रगत दान गर्दा आफ्नो शरीरलाई पनि फाइदा पुग्ने भएकाले लगातार रक्तदान गर्दै आएको बताए।

सीताराम यादवले आइतवार प्रादेशिक अस्पताल जनकपुरको प्राङ्गणमा रहेको रेडक्रसको रक्तसंचार केन्द्रमा ५०औं पटक रक्तदान गरेका हुन्।

सामाजिक विकृति विसंगतिको अन्त्यका लागि अगाडी बढ्दै समाजमा सकारात्मक भुमिका खेल्ने अभियन्ता तथा युवालाई आफूले रक्तदान गर्दै आएको उनले बताए।



उमेरको हिसाबले ३२ बर्ष पुगेका उनले १७ बर्षकै उमेरदेखि रक्तदान गर्न थालेको बताए। '१७ बर्षको उमेरमा २०६२ सालमा पहिलो पटक रक्तदान गरेको थिएँ, ' उनले भने, 'त्यसपछि पटक-पटक गर्दै आएको छु।'

# महोत्तरीमा भएको दुर्घटनामा एक जनाको मृत्यु

**टुडे एक्सप्रेस** / जलेश्वर

आईतवार महोत्तरीमा भएको छुट्टाछुट्टै दुर्घटनामा परी एक जनाको मृत्यु भएको छ भने अर्का एक जना घाइते भएका छन्।

जिल्लाको गौशालामा भएको मोटरसाइकल दुर्घटनामा एक जनाको मृत्यु भएको छ। गौशाला नगरपालिका ९ मा ज.१२प. ४९१४ नम्बरको मोटरसाईकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा त्यसका चालक धनुषाको जनकपुर उप-महानगरपालिकाको कुवारामपुर बस्ने ३० बर्षीय महेश मुखियाको मृत्यु भएको महोत्तरी प्रहरीले जनाएको छ।

दुर्घटनामा घाईते भएका उनलाई तत्कालै उपचारको लागी गौशाला पोलिक्लिनिक लगिएकोमा चिकित्सकले मृत घोषणा गरेका थिए। मृतकको शव जिल्ला अस्पताल जलेश्वरमा पोष्टमार्टम पछि आफन्तलाई बुझाइएको प्रहरीले बताएको छ।

त्यस्तै महोत्तरीकै सम्सी गाउँपालिका ५ स्थित पोखरभिण्डामा नम्बर नखुलेको मोटरसाईकलले ठक्कर दिँदा एक जना घाइते भएका छन्।

घाइते हुनेमा स्थानीय ७७ बर्षीय फेकन राय रहेका छन्। उनको प्रादेशिक अस्पताल जनकपुरधाममा उपचार भइरहेको प्रहरीले जानकारी दिएको छ। उनलाई ठक्कर दिएर फरार भएका मोटरसाइकल र त्यसका चालकको खोजी भइरहेको प्रहरीले बताएको छ।

# आपसी रिसिवी पोख्ने मोटरसाइकलमा आगजनी

**टुडे एक्सप्रेस** / सर्लाही

आपसी रिसिइबी पोख्न सर्लाहीमा एक भाईले आफ्नै दाइको मोटरसाइकल चोरेर आगजनी गरेका छन्। मोटरसाईकलमा आगजनी गरेको आरोपमा ईश्वरपुर नगरपालिकाको बयलबास बजारबाट प्रहरीले भाईलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सर्लाहीको ईश्वरपुर नगरपालिका ६ बयलबास बस्ने भाई १६ वर्षीय ऐसान अन्सारी रहेका छन्। उनले दाई मुस्तुफा अन्सारीको घरबाट २२० सिसीको पल्सर मोटरसाइकल चोरी गरी नजिकैको नारायण माविको प्राङ्गण एरियामा लगेर जलाएका थिए। उनलाई प्रहरीले आईतवार विहान पक्राउ गरेको हो।

ऐसानले आपसी रिसिबीका कारण दाइ मुस्तुफाको प्र -२ - ०३- ०१२ प २६०३ नम्बरको मोटरसाइकल चोरेर जलाएको स्वयं स्विकारेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।


## जानकी मन्दिर
प्रत्येक दिन



बिहान ढोका खुल्ने समय :- ५ बजे
बिहान पूजा आरती समय :- ७ बजे
बिहान ढोका बन्द :- १२ बजे
अन्न क्षेत्र :- निः शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :- ४ बजे
संध्या पूजा आरती :- साँझ ७:३० बजे

## राम मन्दिर
प्रत्येक दिन



बिहान ढोका खुल्ने समय :- ५ बजे
मंगल आरती समय :- बिहान ७:३० बजे
महाप्रसाद भोग :- १२ बजे
दिउँसो ढोका खुल्ने समय:- ३:३० बजे
संध्या पूजा आरती :- साँझ ७ बजे
रात्री भोग :- ९ बजे
पट बन्द :- ९:१५ बजे


# डरखोरियामा कब्रगाह निर्माण हुने

**टुडे एक्सप्रेस** / जनकपुरधाम

धनुषा जिल्लाको शहीदनगर नगरपालिकामा मुश्लिम समुदायको कब्रगाहको निर्माण हुने भएको छ।

धनुषा क्षेत्र नम्बर २ बाट निर्वाचित प्रतिनिधी सभा सदस्य उमाशंकर अरगरियाको संसदीय विकास कोषको १० लाख लागतमा त्यहाँ कब्रगाह निर्माण गरिने भएको हो।

यस कार्य स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गतको १० लाख रकमले शहीदनगर नगरपालिकाको



वडा नम्बर २ डरखोरिया टोलमा कब्रगाहको माटो भर्ने कार्य र बाउण्ड्री वाल निर्माण गरिने मुस्लिम धर्मगुरु मौलाना माहम्द अली बक्ताले जानकारी दिए।

आईतबार कब्रगाह निर्माण कार्यको शिलान्यास गरिएको छ। मौलानासहितकाले कब्रगाहको शिलान्यास गरेका हुन्। त्यस अवसरमा इद्रीस कबारी, मोहम्द नसारुल, अलीमन कबारी, संजीब रान यादव, अमीन नदाफ, सहमद नदाफसहितको उपस्थिति रहेको थियो।

माओवादी केन्द्रीय कमिटी बैठक

# पद त्यागेर फिर्ता हुन मन्त्रीलाई निर्देशन

टुडे एक्सप्रेस / काठमाडौं

नेपाल कम्युनिष्ट पार्टी (माआवादी केन्द्र)को केन्द्रीय कमिटीले स्थायी कमिटीको प्रस्ताव गरेअनुसार अहिलेसम्म मन्त्री पदमा रहेका नेतालाई पद त्याग गरेर सरकारबाट फिर्ता हुन निर्देशन दिएको छ।

बैठकले पार्टीका केन्द्रीय कमिटीलगायत विभिन्न कमिटीमा रहेका सदस्य अर्को पार्टीमा रहेको भन्ने सार्वजनिक सूचना प्राप्त भएकाले माआवादी केन्द्रमा रहेको हो होइन, आफ्नो पार्टी कुन हो स्पष्ट गर्न स्पष्टीकरण माग्ने निर्णय पनि बैठकले गरेको प्रवक्ता नारायणकाजी श्रेष्ठले जानकारी दिए।




जारी बैठकपछि पत्रकारसँग प्रवक्ता श्रेष्ठले विभिन्न राजनीतिक दलसँग वार्ता र छलफललाई भने निरन्तरता दिने जानकारी दिए। बैठकमा सहभागी एक नेताका अनुसार बैठकमा मन्त्रीबाट फिर्ता नभए अनुशासनको कारवाही गर्ने विषयमा समेत छलफल भएको जानकारी दिए। बैठक सोमबार पुनः बस्नेछ।

बैठकको शुरुआतमा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले वर्तमान राजनीतिक परिस्थिति कम्युनिष्ट पार्टीमाथि भएको आक्रमणको स्थिति, पार्टी र कम्युनिष्ट आन्दोलनमा देखापरेको चुनौती र भावी कार्ययोजनाबारे समीक्षात्मक जानकारी गराएको प्रवक्ता श्रेष्ठले सुनाए। बैठकमा पार्टी केन्द्रीय कार्यालयका तर्फबाट रिपोर्टिङ गर्दै उनले पार्टी र नेपाली कम्युनिष्ट आन्दोलनको विषयमा ब्रिफिङ गरेको थियो। उनले पार्टीलाई क्रान्तिकारी दिशातर्फ लैजाने विषयमा बैठकमा आफ्नो भनाइ प्रस्तुत गरेको थियो। बैठकमा सहभागी नेताले पार्टीको नाम फेर्ने विषयसमेत उठेको जानकारी दिए।

श्रेष्ठका अनुसार बैठकले वर्तमान परिस्थिति पार्टीको अवस्था र नेपाली कम्युनिष्ट अन्दोलनबारे केन्द्रीय कार्यालयबाट रिपोर्टिङ गर्ने, सङ्गठानात्मक अवस्था र समसामयिक परिस्थितिबारे सबै प्रदेशबाट जानकारी गराउने, केन्द्रीय कमिटीका सबै सदस्यले वर्तमान सन्दर्भमा पार्टी र आन्दोलनलाई कसरी अगाडि बढाउने भन्ने सन्दर्भमा सुझावात्मक टिप्पणी गर्ने, सङ्गठनात्मक काम र पार्टी विधान संशोधन तथा पार्टी अनुशासन, राष्ट्रिय भेला कम्युनिष्ट आन्दोलन एकीकरणका विषयका कार्यसूची पास गरेको छ।

उक्त कार्यसूचीअनुसार आजको बैठकमा प्रदेशबाट नेताहरूले सङ्गठनको स्थिति र वर्तमान अवस्थाका बारेमा रिपोर्टिङ गरेको थियो। बैठकमा प्रदेश नं १ र २ बाट सह-इन्चार्जद्वय सावित्रीकुमार काफ्ले र विश्वनाथ शाह, वाग्मती प्रदेशबाट अध्यक्ष नारायण दाहाल, गण्डकी प्रदेशबाट अध्यक्ष हितराज पाण्डे, लुम्बिनी प्रदेशबाट अध्यक्ष ओनसरी घर्ती, कर्णाली प्रदेशबाट सचिव मायाप्रसाद काफ्ले र सुदूरपश्चिम प्रदेशबाट सचिव लेखबहादुर चौधरीले वर्तमान अवस्थाका बारेमा रिपार्टिङ गरेको थियो।

बैठकमा उपत्यका विशेष कमिटीका इन्चार्ज लीलामणि पोखरेल, प्रदेश सम्पर्क समन्वय कमिटीबाट अध्यक्ष प्रल्हाद बुढाथोकी र प्रवास समन्वय कमिटीबाट अध्यक्ष युवराज चौलागाईंले सङ्गठनको स्थिति र वर्तमान अवस्थाबारे जानकारी गराए।

बैठकमा सहभागी केन्द्रीय कमिटी सदस्य ईश्वरीप्रसाद भट्टराईले पार्टी अब नयाँ ढङ्गबाट अघि बढाउनेमा सबै नेताहरू दृढ रहेको र सोही अनुसार केन्द्रीय कमिटी बैठक शुरु भएको जानकारी दिए। उनका अनुसार आईतवार एजेन्डामा मात्रै प्रवेश गरेकाले सोमबारदेखि मिहीनरुपमा छलफल हुने जानकारी गराए।

भट्टराईले भने, 'सङ्गठनलाई सुदृढ बनाउने जनतामा जानुपर्छ भनेर अब नेताहरूले सोच्नुपर्छ, दलाल प्रवृत्तिलाई छाडेर बल प्रयोगका कुरामा जानुपर्छ।' बैठक सोमबार ११ बजे पुनः बस्नेछ। सोमबार केन्द्रीय कमिटीका सदस्यले रिपोर्टिङ गर्ने कार्यक्रम छ।

# दिगो विकास मापदण्ड लक्ष्यअघि पूरा गर्छौं : प्रम ओली

पक्की सडक नपुगेका ११० स्थानीय तह, प्रदेश जनप्रतिनिधि र नेपाल सरकारका प्रतिनिधिबीच मुलुकका सातै प्रदेशमा समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

टुडे एक्सप्रेस / काठमाडौं

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालले दिगो विकास लक्ष्यका मापदण्ड सन् २०३० अघि नै पूरा गरिने बताएका छन्। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा आईतवार आयोजित 'प्रादेशिक एवं स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम' शुभारम्भ समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले लक्ष्यअघि नै दिगो विकास पूरा हुने प्रचुर सम्भावना रहेको बताए।




नेपाल अहिले विकासशील देशमा सिफारिश भइसकेको छ। नेपालको विकासको गतिलाई तीव्र बनाइएको बताउँदै उनले भने, 'यो शुभारम्भ कार्यक्रम राष्ट्रिय अभियान हो, ऐतिहासिक क्षण र गौरवको अभियान हो। परिपक्व ढङ्गले तीव्रताका साथ अघि बढाएर अभियान सफल बनाउन सङ्घ, प्रदेश तथा स्थानीय तहलाई हार्दिक आग्रह गर्दछु।'

प्रधानमन्त्री ओलीले जनताको जीवन सुरक्षित, खुशी र सुखी हुने चाहनालाई केन्द्र भागमा राखेर दुःखकष्ट समाप्त पार्ने र सुखानुभूतिको सिर्जना गर्ने उद्देश्यले सरकारले प्रादेशिक तथा स्थानीय सडक निर्माण र सुधार कार्यक्रम शुभारम्भ गरेको बताए। तीन सय ९२ ठाउँबाट आवेदन प्राप्त भएको जनाउँदै उनले पक्की ठाउँबाट आएका मागको स्तरवृद्धि हुने तथा विशेषगरी नयाँ सडक निर्माण गरी बाटामा सङ्केत चिह्न राख्ने र चालक एवं ट्राफिक तालीम दिइने बताए।

प्रधानमन्त्री ओलीका अनुसार अब बन्ने सडक फराकिला सुरक्षित हुने छन्। प्राविधिक कारण सडक निर्माणमा हुने त्रुटिले दुर्घटना हुने भएकाले अब त्यस्तो नहुने गरी योजना अघि बढाइएको उनले जानकारी दिए। उनले हवाई यातायात, सडक, केबुलकार, मैदान सुधार विस्तारलाई अघि बढाएर हरेक पालिकामा हेलिप्याड र पोखरी बनाउने कार्यमा जोड दिइएको जनाउँदै कृषिको आधुनिकीकरण, स्वास्थ्य र पर्यटनका लागि पनि सरकार अघि बढिरहेको बताए।

नेपाललाई खुला दिसामुक्त देश बनाइसकिएको बताउँदै प्रधानमन्त्री ओलीले भौतिक विकासका माध्यमबाट सामाजिक विकासलाई नयाँ उचाइमा उठाउन सकिने विश्वास व्यक्त गरे। दक्षिण एशियामा नेपाल पहिलो डिजिटल देशमा परिणत भएकाले नेपाल आधुनिक प्रविधिमा अघि बढेको उनले जनाए।

उनले भने, 'स्वास्थ्य अवस्था कमजोर भए पनि हाल पाँच लाखभन्दा बढीले कोरोनाले भ्याक्सिन लिएका छन्। मन्त्रालय काममा जुटेको छ, कर्मचारीले काममा तीव्रताका साथ ध्यान दिएका छन्। अब २१० तहमा थप तीव्रता आउने छ।'

सो अवसरमा सङ्घीय मामिलामन्त्री गणेश ठगुन्नाले ३९२ स्थानीय तहबाट सडक निर्माणको माग भएको र छानबिन प्रक्रियालाई अघि बढाइएको बताए। राष्ट्रिय सडक सञ्जालसँग जोड्न चार हजार किलोमिटर पक्की सडक निर्माण हुने मन्त्री ठगुन्नाले जानकारी दिए।

पक्की सडक नपुगेका ११० स्थानीय तह, प्रदेश जनप्रतिनिधि र नेपाल सरकारका प्रतिनिधिबीच आईतवार मुलुकका सातै प्रदेशमा समझदारीपत्रमा हस्ताक्षर गरिएको उनले बताए। दुई सय ८३ स्थानीय तहका केन्द्रलाई प्रदेश तथा राष्ट्रिय सडक सञ्जालमा जोड्नुपर्ने, ६१ स्थानीय तहसँग केन्द्रसम्म जोड्दै नजोडिएको र १६३ स्थानीय तहमा नयाँ कच्ची सडक निर्माण भएको जनाउँदै उनले सबै सडकलाई पक्की सडकमा रुपान्तरण गरिने बताए।

सबैभन्दा बढी सुदूरपश्चिममा एक हजार १०० र सबैभन्दा कम २७९ किलोमिटर सडक निर्माण गर्नँपर्ने जनाउँदै उनले प्रदेश एवं स्थानीय सडक निर्माण तथा सुधारका लागि रु दुई खर्ब बजेट अनुमान गरिएको बताए। उनका अनुसार राष्ट्रिय महत्वको सो कार्यक्रमले मुलुकको सामाजिक तथा आर्थिक विकासमा ठूलो भूमिका पुग्नाका साथै 'समृद्ध नेपाल, सुखी नेपाली'को दीर्घकालीन सोच पूरा गर्न सहयोग पुग्नेछ।

स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय सुर्खेतका प्रमुख अमृत श्रेष्ठले आईतवार कर्णाली प्रदेशका २३ स्थानीय तहसँग समझदारी भएको बताए। उनका अनुसार प्रदेशमा ४० स्थानीय तहबाट माग आवेदन प्राप्त भएको छ।

## झुटा कुरा गरेर मेलमिलाप हुँदैन : नेता जोशी

टुडे एक्सप्रेस / तनहुँ

नेपाली कांग्रेसका पूर्वसहमहामन्त्री गोविन्दराज जोशीले झुटा कुरा गरेर मेलमिलाप हुन नसक्ने बताएका छन्। तनहुँको व्यास नगरपालिका-१२ गोल्लामा निर्मित बिपी विचार समाजको भवन आइतवार उद्घाटन गर्दै नेता जोशीले कार्यकर्तालाई सम्मान गर्न नजानेसम्म मेलमिलापको अर्थ नरहने स्पष्ट गरे।

'नगरपालिकाका प्रमुख, उपप्रमुख, गाउँपालिकाका अध्यक्ष, उपाध्यक्षको टिकट दिँदा पनि कार्यकर्ताको के राय छ भनी बुझेर टिकट दिनुपर्छ', अर्को प्रसङ्गमा पूर्वमन्त्री जोशीले भने, 'त्यसो नगरी आफूले मनपरी गर्ने हो भने अहिलेका कार्यकर्ताले मान्ने अवस्था रहँदैन।'

नेता जोशीले अबको चुनावमा आफूले लड्ने तयारी गरेकाले सहयोग गर्न कार्यकर्तालाई आग्रह गरे।

# एमालेमा बहुकेन्द्र निर्माण हुन दिँदैनौं : मन्त्री ढकाल

टुडे एक्सप्रेस / कोहलपुर

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री भानुभक्त ढकालले नेकपा (एमाले)मा बहुशक्ति केन्द्र निर्माण हुन नदिने बताएका छन्। एमाले कोहलपुर नगर कमिटीद्वारा आइतवार कोहलपुरमा आयोजित अगुवा कार्यकर्ता भेटघाटमा उनले अब पार्टी विधिमा अघि बढ्ने दाबी गरे।



एमालेका केन्द्रीय सदस्य रहेका मन्त्री ढकालले पार्टीलाई विधिमा लैजानकै लागि पार्टीको महाधिवेशन मितिसमेत तय भइसकेको उल्लेख गरे। 'हामी सडकबाट पद लिने र दिने गर्दैनौं, विधिसम्मत तरिकाले अगाडि बढ्छौं', उनले भने, 'आगामी मङ्सिरमा हुने महाधिवेशनबाटै नेतृत्व चयन हुन्छ।'

मन्त्री भानुभक्त ढकालले कोरोनाबाट थिलोथिलो बनेको पर्यटन क्षेत्रलाई माथि उकास्न मन्त्रालय नयाँ कार्यविधि बनाउन लागिरहेको उल्लेख गरे। उनले सरकारले निजी क्षेत्रसँगको साझेदारीमा पर्यटन क्षेत्रको विकासमा उचित ध्यान दिई कोरोनाले सबैभन्दा बढी प्रभावित पारेको पर्यटन क्षेत्रलाई अगाडि बढाउने बताए। कार्यक्रममा एमालेका केन्द्रीय सदस्य देवराज भार र एमाले बाँकेका अध्यक्ष सूर्य ढकालले बाँकेमा एमालेले गर्दै आएको गतिविधिबारे जानकारी गराएका छन्।

# राप्रपा हेटौंडा नगरमा श्रेष्ठ निर्वाचित

टुडे एक्सप्रेस / हेटौंडा

राष्ट्रिय प्रजातन्त्र पार्टीको आगामी वैशाख २५ गते हुने प्रथम राष्ट्रिय महाधिवेशनका सन्दर्भमा राप्रपा हेटौंडा उपमहानगरपालिका कार्यसमितिका अध्यक्षका लागि आइतवार भएको निर्वाचनमा प्रेमलाल श्रेष्ठ निर्विरोध निर्वाचित भएका छन्।



श्रेष्ठका अध्यक्षतामा २१ सदस्यीय नगर कार्यसमितिको निर्वाचन पनि आईतवार सम्पन्न भएको छ। सोअनुसार हेटौंडा १ देखि १९ सम्मका पार्टीका वडाध्यक्षमा क्रमशः कवीन्द्रराज भट्टराई, नवराज पौडेल, बिशभ अधिकारी, गुरुप्रसाद सापकोटा, उदयनारायण दङ्गाल, केशवप्रसाद तिमल्सिना, राजुबाबु श्रेष्ठ, इन्दिरा बानियाँ, ध्रॅवप्रसाद सञ्जेल, भगवान् बर्तौला, होमबहादुर थापा मगर, टीका कार्की, गुञ्जनबहादुर न्यौपाने, लक्ष्मण दाहाल, सागर थापा, टीकाबल्लभ ढुङ्गाना, सरस्वतीकुमारी थिङ, ध्रॅवबहादुर गिरी, हीरा चौरेल र उर्मिला घिमिरे निर्विरोध निर्वाचित भएका छन्।

# महत्वपूर्ण टेलिफोन नम्बरहरू

## धनुषा (0४१-)

| | |
|---|---|
| सिडिओ जिल्ला प्रशासन कार्यलय | ९८५४००७७७७ |
| एसपी जिल्ला प्रहरी कार्यलय | ९८५४००५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०६ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५४०९०४०२ |
| प्रहरी (हटलाईन) | १००, ४२००९९, ४२०२९९ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| अस्पताल (प्रदेशिक अस्पताल, जनकपुर) | ५२००३३ |
| आँखा अस्पताल | ५२०३९७ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| जनकपुर सिटी हस्पिटल भानुचौक | ५२५०१ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चौक | ५२५३४१ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (ॐ शक्ति सामुदायिक) | ९८१२१८३२०० |
| एम्बुलेन्स (हिमालय युवा कलब) | ९८०४८१४१२६ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३६ |
| बरुण यन्त्र (जनकपुर) | ५२००११ |

## काठमाण्डौं (0१-)

| | |
|---|---|
| प्रहरी कन्ट्रौल | १०० |
| ट्राफिक प्रहरी | १०३ |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५ |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| विर अस्पताल | ४२२१२२९ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| कान्ति बाल अस्पताल | ४४१४७९८, ४४२७४५२ |
| नेपाल अर्थोपेडिया अस्पताल | ४९११७२५ |
| प्रसूतीगृह थापाथली | ४२५३२७६ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| कान्तिपुर अस्पताल तीनकुने | ४१११९५७/८५८ |
| बी एण्ड बी अस्पताल | ४४३३२०६ |
| गोर्खा अस्पताल र रिसर्च इन्स्टिच्यूट | ४२५८५५२ |
| नर्भिक हस्पिटल, थपाथली | ४२५८५५४ |
| सहिद गंगालाल रा. हृदयरोग केन्द्र | ४३७१३२२ |

## पर्सा

| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५५०७७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५५०७५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१११ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५५०९०७०१ |

## बारा

| | |
|---|---|
| प्र.जि.अ. (सिडिओ) | ९८५५००७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५५००५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०८ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८११६४ |

## रौतहट

| | |
|---|---|
| प्र.जि.अ. (सिडिओ) | ९८५५०३७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५५०३५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१००७ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८२६०८ |

## सर्लाही

| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५४०२७७७७ |
| प्रहरी उपरिक्षक(नेपाल प्रहरी) | ९८५४०७५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२११० |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८१४५४ |

## महोत्तरी (0४४-)


| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५४०२७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५४०८५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०९ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५२०९०२७१ |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ५२००६६,५२०१६ |
| वरुण यन्त्र (जलेश्वर) | ०४४ ५२००९७ |

## सिरहा

| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५२८३७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५२८६५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०५ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५२८९०१४४ |

## सप्तरी

| | |
|---|---|
| प्र.जि.अ. (सिडिओ) | ९८५२८५७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५२८५५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०४ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८१३७७ |



## सम्पादकीय...

# आन्दोलनले मात्रै अधिकार स्थापित हुन सक्दैन

**देश छिट्टै गरीबीको रेखाबाट माथि उक्लन लागेको छ। नागरिक धनी हुनु नै देश धनि हुनु हो। जब सम्म नागरिक दिनभर काम गरेर पनि भरपेट खान पाउँदैनन्, त्यस्तो देश समृद्ध राष्ट्रको सूचिमा सूचिवद्ध हुनै सक्दैन। त्यस्तो देशले विकासमा छलाङ मार्नै सक्दैन। केही दिन अघि मात्रै प्रदेश २ को प्रादेशिक अस्पतालमै न्यून तलबमा काम गर्न बाध्य भएको स्वास्थ्यकर्मीहरूको गुनासो सुनियो। अहिले फेरी प्रदेश २ मात्रै नभई देशैभरका सामुदायिक विद्यालयका कर्मचारीहरूले न्यून तलबमा काम गरि रहेको गुनासो बाहिर आएको छ। गुनासाकर्ताहरूका अनुसार महिनाको दुई हजारमा पनि विद्यालयमा काम गरि रहेको बुझियो। अहिले जतातत्तै महङ्गी छ। अहिले दुई हजार त दुई रुपैयाँ बराबर पनि होईन। अनि दुई हजारमा काम गर्नु पर्ने नागरिकले देशको कुल गार्हस्थ उत्पादनमा कसरी योगदान दिन सक्नु र देशको प्रतिव्यक्ति आयमा वृद्धि हुनु। यसरी प्रतिव्यक्ति आय ५ हजार बढी पुऱ्याउने सरकारको लक्ष सफल हुनेमा शंका स्वतः पैदा गर्दछ।**

**प्रतिव्यक्ति आय वृद्धि परैको कुरा भो। यहाँ त जीवन निर्वाहको कुरा छ। दुई हजार तलबले जीवन निर्वाह हुने स्थिति नै छैन। जीवन निर्वाहको लागि सामान्य परिवारलाई अहिले केही नभए नि महिनाको २०/२५ हजार आवश्यक पर्छ। त्यति रकम जम्म गर्न दुई हजारका दरले त एक वर्ष नै लाग्ने गर्छ। यस्तो अवस्थामा कसरी नागरीक सुखी र सम्पन्न हुन्छन्। सर्वोच्च अदालतले सामुदायिक विद्यालयमा काम गर्ने कर्मचारीको तलब बढाउन निर्देशन दिंदा पनि नबढेको तलबको विषयलाई लिएर उनीहरूले आन्दोलन गर्ने स्थिति बन्दै गई रहेको छ। प्रदेश २ का १६ हजार जति विद्यालय कर्मचारीहरू न्यून तलबमा काम गर्न बाध्य भएको विषयलाई सबैले गम्भीरतापूर्वक नै लिएको हुनु पर्दछ। यहाँ पनि श्रमकै कुरा आउने भएकोले श्रमको उचित सम्मान गर्नु राज्यको दायित्व हो। विद्यालय कर्मचारी मात्रै नभई सबै श्रमिक मजदुरहरूले समान ज्याला पाउनु पर्छ।**

**एउटा भनाई छ, जहाँ श्रमको सम्मान हुँदैन, त्यहाँ काम गर्नुको अर्थ नै छैन। सामुदायिक विद्यालयका कर्मचारीहरू त्यति थोरै पैसामा पनि किन टिकिरहेका छन् ? यहाँ पनि प्रश्न गर्ने ठाउँ हुन सक्छ। जाबो दुई हजार तलबले पुग्दैन भने उनीहरूको घरखर्च कसरी टरेको छ ? यता पनि ध्यान दिऔं भन्ने हो। अर्को कुरा सरकारी स्केल पो दुई हजार होला त बाँकी निजी स्रोतहरूबाट उनीहरूले तलब पाएकै होलान् भन्ने कुरा पनि हेक्का राखेर उनीहरूको तलब बढाउन चासो नभएको हो कि ! यदि त्यसो हैन भने अहिले विद्यालय संचालन र व्यवस्थापनको जिम्मा प्रदेश सरकार र स्थानीय सरकारको भएकोले विद्यालयहरूको अवस्था अध्ययन गरेर सोही बमोजिम गर्न यी दुई तहका सरकारले किन सकेनन् ? विद्यालयका विभिन्न भौतिक संरचना निर्माण लगायतमा लाखौं करोडौं अनियमितता गर्न सक्ने विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकहरूले ती न्यून तलबमा काम गर्ने कर्मचारीहरूको मर्म किन बुझ्न सकेनन्। यस्ता समस्यालाई स्थानीय स्तरमै हल गर्न सकिने सम्भावनाहरू हुँदा हुँदै किन यो विषयलाई आन्दोलनकै विषय बनाउँदा यसको निकास होला र ! कतिपय विद्यालयले विभिन्न बहानामा विद्यार्थीसँग शुल्क लिएको पनि पाईन्छ। त्यस्ता शुल्कहरूबाट पनि केही रकम बचाएर ती न्यून तलबमा काम गर्ने कर्मचारीलाई दिन सकिने अवस्था छ।**

# राष्ट्रवादी अत्ति हिटलरको दुःखद् गति



**बैद्यनाथ पास्वान**

म राष्ट्रवादको विरोध गर्दिन, राष्ट्रवादी हुनु पर्छ। तर अत्तिराष्ट्रवाद हुनु चै हुँदैन। अतिराष्ट्रवाद राष्ट्रको लागि घातक हुन्छ, त्यो हिटलरको राष्ट्रवादीले सिद्ध गरिसकेको छ। नेपालका अतिराष्ट्रवादीहरू देशलाई व्यक्तिगत फाईदा र रिसिईबीका कारण देशलाई मुटभेडतर्फ लैजाँदैछन्। म जुन घटनालाई केलाउँदैछु, त्यो पुरानो भएर पनि समय सापेक्ष भएको हुँदा यसलाई कलाउने प्रयास गरेको हुँ। कक्षा दशको पाठ्यक्रममा प्रथम विश्वयुद्ध र दोश्रो विश्व युद्धको चर्चा गरिएको छ। र म एक शिक्षक भएको नाताले यसलाई प्राथमिकता दिन र लेख्न खोज्दैछु। मलाई आशा छ तपाईहरूलाई यो रोचक घटना लाग्नेछ।

जर्मनी र फ्रान्सबीचको युद्धले प्रथम विश्वयुद्धको रुप लियो। यो युद्धमा जर्मनी परास्त भयो। **Treaty of versailles** वा पेरिस सम्झौता पछि यो युद्ध समाप्त भयो। तर यसो सम्झौता जर्मनीलाई ग्लानीपूर्वक बाध्यताले सम्झौता गर्नुपऱ्यो। यो सम्झौता अनुसार जर्मनीले आफ्नो १३ प्रतिशत भू-भाग गुमाउनु पऱ्यो र युद्धको सम्पूर्ण जिम्मेवारी पनि जर्मनीले नै लिनु पऱ्यो। जर्मनीले एक लाख भन्दा बढी सेना राख्न नपाउने, ६ वडा वारसिप मात्रै राख्न पाउने, हातहतियार बनाउन नपाउने, ६६० मिलियन पाउण्ड फ्रान्सलाई दिनुपर्ने भयो। यो सम्झौताले जर्मनी बर्बाद भयो। जब जर्मनीका चान्सलर हिटलर भए। नाजी पार्टी सत्तामा आउँदा पेरिस सम्झौतालाई भंग गरियो। यही कारणले दोश्रो विश्वयुद्ध सुरु भयो।

दोश्रो विश्वयुद्ध(१९३९-१९४५) यो पुरानो युद्ध भए पनि मानिसहरूको मनमस्तिष्कमा यो युद्धले ५ करोडभन्दा बढी मानिसहरूको ज्यान गएको स्मरण ताजै छ। दोश्रो विश्वयुद्ध भनेको एकदमै डरलाग्दो युद्ध थियो। यो मानव इतिहासकै कहालीलाग्दो घटना थियो। जसमा जर्मनीका नाजीहरू र इटलीका फासिस्टहरूले विश्वमा लामो समयसम्म नरसंहारको सिलशिला सुरु गरेका थिए। जसमा योजनावद्ध ढंगले लाखौंलाख यहुदीहरू र कम्युष्टिहरूमाथि साक्षसी बरबरताका साथ सम्पूर्ण हातहतियारहरू प्रयोग गरिएका थिए। मानवतावादी शक्ति र विचारले नाजीहरू र उनीहरूको फासीवादी विचारहरूमाथि विजय हासिल गरेको थियो। र पराजित नाजीहरूका घिनलाग्दा कुरुप फासीवादी अनुहारबाट सम्पूर्ण नकाब हटाईका थिए। यस्तो महान कार्यमा विश्वयुद्धको समाप्ती पछि जर्मनीकै न्यरेम्वर्ग सहरमा युद्धअपराधी नाजी नेताहरूमाथि चलाएको खुल्ला मुद्धाले विशेष भुमिका खेलेको थियो।

यस न्युरेम्वर्ग मुद्धाको सुनुवार्यको क्रममै नाजी नेताहरूले असली रुप कति घिनलाग्दे, कुरुप र साक्षी खालको थियो भन्ने कुरा विश्वले चाल पाएको थियो। न्युरेम्वर्ग मुद्धा नचलाएको भए, शायद नाजीहरूको क्रूर दानवी रुप हेर्न र तिनीहरूले गरेका घृणित नरसंहारहरूको कथा पढ्ने मौका धेरै मानिसहरूलाई हुने थिएन होला। हो यही युद्धको क्रममै विश्वलाई थहा भएको थियो। हिटर र उनका मतियार नाजी नेताहरूले वास्तवमा कस्ता कस्ता खालका अपराधहरू गरेका थिए। स्रोत, शक्ति, साधन प्रतिको आफ्नो राक्षसी खालको पिपाशु प्रवृतिलाई शान्त पार्न कस्ता षड्यन्त्र, गोप्य योजनाहरू र चक्रव्यूहहरू रचना गरेका थिए। नाजीहरूको राक्षसी चरित्रका अपराधका पन्नाहरू खोल्दैछु।

डाक्टरको भेष लगाएका नाजी राक्षहरूले रेलमा राखेर, कोठामा थुनेर हज्जारौ मानिसहरू मारे। युरोपको बीचको भू-भाग न्युरेम्वर्गमा त्यस्तो मुद्धा चलिरहेको थियो जसमा विश्वका अधिकांश राष्ट्र र जनताको प्रतिनिधीत्व गर्दै न्यायाधिशहरूले नाजीहरूका राक्षसी अपराधका किताबहरूका पन्नाहरू पल्टाउँदै थिए। त्यहाँ त्यस्ता अपराधहरूको रहस्य खुल्दै थियो। जनु अपराधहरूको बारेमा मानिसहरूले पहिले सुनेकै थिएनन, न भोगेका थिए। त्यस्ता अनगिन्ती र असीम कल्पना नै गर्न नसकिने अपराधहरूमध्ये एउटा हो, नाजी डाक्टरहरूले मानिसहरूमाथि गरेका अमानवीय प्रयोगको श्रृंङ्खला।

अमेरिकी सैनिक अधिकारीहरूले हालाईन सहरको नजिकै रहेको गुफाभित्र ढुंगाले छोपिएको एउटा गोप्य बही खाता पत्ता लगाएका थिए। त्यस बहीखातामा हिटलरको दाहिने हातको रुपमा रहेको अर्को नाजी नेता हिमलरका र नाजीहरूका गोप्य कागजहरूको भण्डार नै थियो। त्यसमध्ये केही नाजी डाक्टरहरूद्वारा गरिएका अमानवीय प्रयोगहरूको बारेमा आधिकारिक दस्तावेजहरू पनि भेटाएका थिए। जर्मनीमा अत्यन्त गोप्य रुपमा लुकाएका हिटलरका यस्ता दस्तावेजहरू ज्ब न्युरेम्वर्ग मुद्धाको क्रममा अदालत समक्ष पढेर सुनाईयो, तब मानिसहरूले थाहा पाए। डाक्टरी भेषमा क्रियाशील नाजीहरूले विज्ञानका नाममा डरलाग्दा कुकर्म गरेका थिए।



जब न्यायाधिशहरूले हिटलरको दस्तावेजका पन्नाहरू पल्टाउँदै नाजी डाक्टरहरूका कुकर्महरूको भण्डाफोर गर्न थाले, तब अदालतमा उपस्थित अन्य न्यायाधिश देखि लिएर पत्रकार र फोटोग्राफर सबैजना आ-आफ्नो श्वास रोक्दै सुन्न थाले। स्टोर्मट्रपर्स नामक नाजी ठग सैनिकहरू र गोसटापो नामक गुप्त पुलिसको नाईका कागजातहरू भित्र रहेका एक एक अक्षरहरू र शब्दहरूले बर्वर वैज्ञानिकद्वारा याता शिविरहरू भित्र रहेका अत्ति गोपनीय कोठाहरूभित्र मानिसहरूमाथि गरिएका थरीथरिका प्रयोगहरू चिच्याई चिच्याई बयान दिई रहेका थिए। ती प्रयोगहरूका आधारमा तयार पारिएका दस्तावेजहरूबाट थाहा हुन्छ कोश, बर्चोउ र लेफलर जस्ता वैज्ञानिकहरूको देशमा चिकित्सा विज्ञानको क्षेत्रमा एउटा घृणित शाखा विकसित भएको रहेछ।

१९४१ को शरद ऋतुमा रोमस्थित जर्मन राजदुतले इटलीका स्वास्थ्यमन्त्री काउण्ट लियोनार्द कोन्ती र जर्मन वैज्ञानिक एवै प्रोफेसर डा.क्लाउस शिलिंगको सम्मानमा एउटा कफी पार्टी दिएका थिए। कोन्ती र शिसिंग दुबैले राष्ट्रमण्डल(लिग अफ नेसन्स) को मलेरिया सम्बन्धी आयोगका सदस्य भएर काम गरिरहेका थिए। ती तीनजना बीच शुरुमा यता उताका कुराहरू भए , पछि गएर इटलीका तानाशाह मुसोलिनीले अफ्रिकामाथि गरेका आक्रमणहरूका बेला भोग्नु परेका मसस्याहरू मथि कुराकानी केन्द्रित हुन थाल्यो। इटलीले अफ्रिकामाथि विजय प्राप्त गर्नका लागि पठाएका सैनिकहरूलाई ज्वरोको महामारीले आक्रमण गरेको थियो। ठीक त्यही बेला हिटलरको नेतत्वमा रहेको नाजी हाई कमाण्डले जनरल रोमेलको नेतृत्वमा अफ्रिकामा फैलिएको ज्वरोको महामारीका कारण निकै चिन्तित रहेको थियो। कुराकानीकै क्रममा काउण्ट कान्तीले विस्तारै शिलिंगसँग गुनासो पोखे, जीवनको तलनामा विज्ञान पछि पऱ्यो। ज्वरोको महामारीका विरुद्ध भई रहेको शोध अनुसन्धानको सफ्तार निकै ढिलो भयो।

वैज्ञानिक डा.शिलिंगले युद्धकालीन कठिनाईहरू अगाडी तर्स्याउँदै भने प्रयोग गर्नका लागि खरायो, कुकुर र गिनी पीग(सेतोमुसाहरू) जस्ता जनावरहरूको धेरै कमी छ। जनावरहरूको अभावको कुरो सुनेर कोन्तीले नौलो विचार प्रस्तुत गरे। साच्चै यसरी प्रयोग गर्ने काम मान्छेहरूमाथि किन नगर्ने हँ ? बन्दी शिविरहरूमा प्रयोग गर्नका लागि उत्तम खालका सामाजिक जनावरहरू मान्छेहरू छन, मान्छेहरूलाई पनि गिनी पीगलाई जस्तै किन प्रयोग नगर्ने ? यो मानवदोषी विचार सुनेर विश्व प्रसिद्ध जर्मन वैज्ञानिक खुसी भए। जसले मानिसहरूको जीवन रक्ष ागर्नका लागि मलेरियाका किटानु विरुद्ध लड्ने औषधी निर्माणमा काम गरेवापत रकफेलर पुरस्कार प्राप्त गरे। उनलाई लाग्यो कि मान्छेहरू राम्रो अत्ति राम्रो। अति सुन्दर विचार। म आफैले यस्तो विचार किन ल्याउन सकिनँ हँ ? यो त एउटै ढुंगाले दुईवटा चरा मारे जस्तै हो। यसलाई त प्रयोगका लागि जनावरहरू किन्न हुने खर्च पनि कम हुनेछ। दुबै पक्षलाई यो सुन्दर विचार निकै फलदायी लाग्यो। त्यसपछि के चाहियो। यसलाई लागु गर्नका लागि तुरुन्तै आवश्यक व्यवस्था गर्न लागियो। नाजीहरूले अन्त्यन्त गोप्य रुपले एउटा वैज्ञानिक गोष्टी आयोजना गरे। स्टोमटपर्स चिकित्सा सेवाका अध्यक्ष डाक्टर ग्रावित्जले डाक्टर शिलिंगलाई भने, तपाईलाई जर्मनीको जुन शिविर मन पर्छ त्यही छान्नुस्। प्रोफेसर डा.शिलिंगले मानिसहरूमाथि प्रयोग गर्नकाल गिा डारवाउ शिविर छाने। जुन जर्मनीको सबैभन्दा पुरानो यातना शिविर थियो। सोही शिविर छान्नुको कारण के थियो भने यो शिवर विश्वविद्यालय, मेडिकल संस्थान र प्रयोगशालाहरू भएको सहर म्युनिखको नजिकै थियो। त्यसपछि त डारवाउ शिविर नजिकै युद्धस्तरमा एउटा यस्तो भवन निर्माण गरियो, जसलाई मेडिकल संस्थान शाखाको सादा नाम दिईयो। त्यस भवनमा डा.शिलिंगले मानवदोषी परीक्षण गर्न थाले। उनले कैदीहरू मध्ये तीन चार जना मानिसलाई प्रयोगका लागि उपयुक्त गिनीपीग का रुपमा छाने। उनले ति गिनीपीग रुपी मानिसहरूमा हर प्रकारका ज्वरोहरू आउने वातावरण बनाई दिए। यसरी चिकित्सा क्षेत्रमा एउटा नयाँ घृणित र निकृष्ट शाखाको सुरुवात भयो। मानिसहरूमाथि समेत कुकुर र विरालोलाई जसरी प्रयोग गर्न सुरु गरियो। यो कार्यलाई पछि नाजीहरूले अझ व्यापकता दिए। तपाई हामीलाई थाहा छ, जर्मनीको इतिहासमा केही डाक्टरहरूले कुनै रोगका किटाणुहरूलाई आफ्नै शरीर भित्र पसाएर कैयौ प्रयोग गरेका थिए, ताकि मानिसहरूलाई बचाउनका लागि बनाएका नयाँ नयाँ औषधीहरूको प्रभाव कति छ भनेर जाँच गर्न सकियोस। चिकित्साशास्त्रको इतिहासले अहिले पनि त्यस्ता वैज्ञानिक प्रति श्रद्धा गर्द। तर नाजीहरूले यस पवित्र प्रयोगलाई नै उल्टाई दिए। डारवाउ यातना शिविरको प्रयोगशालामा अनेक देशी विदेशी प्राज्ञ तथा वैज्ञानिकहरूले मानिसहरूमाथि अत्यन्त शान्त भावले प्रयोग गरे, स्वास्थ्य मानिसहरूको शरीर भित्र भयंगर रोगका किटाणुहरू पसाएर परीक्षण गरे। हृदयहीन ढंगले उनीहरूका नसा नसामा फिनोलका ईन्जेक्सनहरू दिए र फेरी अत्यन्त शान्त, स्थिर भावले उनीहरूको असह्य पीडाको अध्ययन गरे। हरेक प्रक्रिया र रोगका विभिन्न चरणहरूका मिनेट र सेकेण्डहरू गने। त्यो प्रयोग हजारौं मानिसहरूमाथि गरियो। तर तिनीहरूमध्ये केवल एक जना कैदी मात्र कुनै तरिकाले बचेर भाग्न सफल भए। उनी हुन पोलैण्डका एक रोमन क्याथोलिक पादरी मिखायलोम्सको। संयोगले उनी जलाएर मारिने स्थितिबाट बच्न सफल भए। डा. शिलिंगका सयौं, हजारौं शिकारीहरूमध्येबाट बच्न सफल ति पादरीले त्यस प्रोफेसरका अपराधीका अन्तिम प्रयोगहरूका बारेमा आफ्नै कथा जिउँदो जाग्दो प्रमाण पेश गरे। किन्तु, यसैबीच एकजना अर्का डा. शिलिंग भन्दा पनि राक्षसी प्रवृति भएका डा. मञ्चमा देखापरे। उनी थिए डा. साईमण्ड रुसर, जले यस्ता घृणित प्रयोगहरूमा डा.शिलिंगलाई भर साथ दिएका थिए।

हिटलरले आफ्नै जासुसी संस्थाका चिफलाई निर्मम हत्या गरे। खसी, बाख्रा जस्तै मान्छेलाई घाँटी रेटेर हत्या गर्थे। मान्छेहरूको सुकुटी सुकाउने काम गर्थे उनी र शरीरमा स्प्रीट छरेर मासु गल्ने खालका केमिकल प्रयोग गर्थे। कैदीहरूलाई जाडोमा बाहिर चोकमा बनाएका नुहाउने ठाउँमा राखिन्थ्यो। त्यस्ता बाथ टबमा हिउँ भरिन्थ्यो र त्यहाँका पानी विस्तारै जम्न थाल्थ्यो। भट्टीमा जिउँदै मान्छेलाई झोस्ने काम हुन्थ्यो। अन्तमा हिटलरले आत्मा हत्या गर्नु पर्‍यो र त्यस्ता राक्षसको दुःखद देहसान भयो। हाम्रा देशका केही अतिवादी जाति र शासकवर्ग आफुलाई राष्ट्रवादी ठान्छन्। एक दिन उनीहरूको पनि हिटलरको जस्तै नहोस भन्ने अपेक्षा छ।

# पिठ्यूँमा सातुसामल : वाणीमा सीताराम

**गोपालप्रसाद बराल**

पिठ्यूँमा सातुसामल र एकसरो फेर्ने लुगाको पोको। नाङ्गा खुट्टाको हिँडाइ। मनवचनमा रामसीताप्रति भक्तिभाव र लगातार वाणीमा सीताराम सङ्कीर्तन ! मिथिलाको महाकुम्भ भनिने मिथिला माध्यमिकी परिक्रमाका यात्रीको देखिने परिचय हो यो। फागुन औंशीका दिन शुरु भएर फागुन पूर्णिमामा समापन गरिने परम्पराको यो यात्रा मिथिलामा शनिबार प्रारम्भ भएको छ।

के साधुसन्त, के रागीबैरागी र के गृहस्थ जीवनका नरनारी..! हजारौंको सहभागिताको १५ दिने मिथिला माध्यमिकी परिक्रमाका यात्री यस अवधिभित्र सांसारिक काम, कुरा थन्क्याएर भजन कीर्तनमा लिप्त छन्। सीताराम...!! हजारौंका मुखबाट निस्कने एउटै आवाज, एउटै वाणी र एउटै लय। यात्राको दोस्रो दिन आज आइतबार रात्रिबासको गन्तव्य भारतको मधुवनी जिल्लामा पर्ने कल्याणेश्वर। आज सूर्योदयसँगै कति यात्री कल्याणेश्वर पुगी सकेका छन्, कति पहिलो दिनको रात्रिबास गरेको हनुमानगढी (धनुषा) बाट पोकोपन्तरो मिलाउँदै हिँड्ने तरखरमा छन्। बिहानीको सूर्योदयको समयमै हनुमानगढीबाट कल्याणेश्वरसम्म अटुट मानवपङ्क्ति देखिँदो छ।

बाटाभरि जता हेऱ्यो, भक्तजन नै भक्तजन ! जता सुन्यो, सीताराम नाम सङ्कीर्तन ! पन्ध्र दिने यस यात्रा दैनिक नभएर मोक्ष र परमार्थ कामनाको पारलौकिक अनुभूति हुने आफ्नो ८० वर्षे जीवनमा पाँचपटक यात्रा गरिसक्नुभएका महोत्तरीको भङ्गाहा-४ का छविलाल उपाध्याय बताउनुहुन्छ।

मिथिलामा मिथिला परिक्रमा तीन प्रकारका रहेका मानिन्छन्। मिथिला माहात्म्यमा बृहत मिथिला , मिथिला माध्यमिकी र मिथिला अन्तगृह परिक्रमाको उल्लेख छ। समग्र पुरानो मिथिलाको परिक्रमा गरिने २६८ किलोमिटरको यस यात्राको प्रचलन अब हटिसकेको देखिन्छ। कोशी नदी किनारमा पवित्रस्नान गरेर भारतको सहर्सा जिल्लामा पर्ने सिंहेश्वरनाथबाट शुरुआत भएर गङ्गा किनारको सिमरियाघाट हुँदै पर्वतश्रेणीको परिक्रमा गरेर सिंहेश्वरनाथमै यात्रा समापन गरिने पूर्वपरम्परा अब देखिन छाडेको छ। प्राचीन मिथिलाका महोत्तरी, धनुषा र भारतको मधुवनी जिल्लाभित्र गरी १३३ किलोमिटरमा गरिने माध्यमिकी र प्राचीन जनकपुरधामको आठ किलोमिटर दूरीभित्र गरिने मिथिला अन्तगृह परिक्रमा भने अद्यावधि छँदैछ। अन्तगृहको एक दिने परिक्रमा फागुन पूर्णिमाका दिन बिहान गर्ने परम्परा छ।

धनुषाको मिथिलाविहारी नगरपालिकाको ठेराकचुरीस्थित मिथिला विहारी मन्दिरबाट मिथिलाविहारी (श्रीराम) को डोला (डोली) अघि लगाएर माध्यमिकी परिक्रमा यात्रा फागुन औंशीका दिन शुरु गरिन्छ। यस यात्राका सहभागी जनकपुरधामस्थित अग्निकुण्ड मठ पुगेर किशोरीजी (श्री सीताजी) को थपिएको डोलासमेत अघि लगाएर रामजानकी मन्दिरको प्रदक्षिणा गर्दै अघि बढेर पहिलो दिनको



रात्रिबासका लागि धनुषा जिल्लाको हनुमाननगर (हनुमानगढी) पुग्छन्।

यात्री तन्मयसाथ मन एकाग्र गर्दै सीताराम सङ्किर्तनमा लीन देखिन्छन्। श्रीराम र सीताजीको डोला जुनजुन बस्ती हुँदै अघि बढ्छ, त्यहाँ डोलाको दर्शन गर्ने श्रद्धालुको भीड लाग्छ। 'बोलो, सियावर रामचन्द्रकी जय' यात्रीको लयमा लय मिलाउँदै डोला दर्शन पुग्नेको भिडले 'जय ! जय !!' को स्वर मिसाउँछन्। "मन र वचनमा पवित्रता, सीतारामप्रति समर्पणभाव र मोक्षको कामना" यात्राको अभिष्ठ स्पष्ट पार्दै मिथिला संस्कृति र परम्पराका जानकार महोत्तरीकै बलवा नगरपालिका-९ धमौराका बासिन्दा ७० वर्षीय कामेश्वर झा भन्नुहुन्छ, "यो यात्रा शरीरले होइन, मनले पूरा हुन्छ।"

माध्यमिकी परिक्रमाको सो यात्रामा पहिलो, नवौं, १०औं, ११औं, १२औं र १५ औं (अन्तिमरात) दिनका गरी धनुषामा छ रात्रि विश्रामस्थल छन्। यी हनुमानगढी, पर्वता, धनुषाधाम, सतोषर, औरही (हर्षाहा) र जनकपुरधाम हुन्। त्यसैगरी चौथो, पाँचौं, छैठौं, सातौं र आठौं दिनका गरी पाँच रात्रि विश्रामस्थल क्रमशः मटिहानी, जलेश्वर, मडै, ध्रुवकुण्ड र कञ्चनवन महोत्तरीमा पर्दछन्। यसैगरी दोस्रो, तेस्रो, १३औं र १४औं दिनका गरी चार विश्रामस्थल क्रमशः कल्याणेश्वर (कलना), गिरिजास्थान, करुणा र बिसौल भारतको मधुवनी जिल्लामा पर्छन्।

रात्रि विश्रामस्थलमा यात्रीको खानपिन, आवास, आकस्मिक उपचार र आइपर्ने समस्यामा सहयोग पुऱ्याउन स्थानीयस्तरमा समिति बनाइने परम्परा छ। नेपालतर्फका महोत्तरी र धनुषाका रात्रि विश्रामस्थलमा बृहतर जनकपुर क्षेत्र विकास कोष, सम्बन्धित स्थानीय तह, उद्योग वाणिज्य सङ्घ र अरु विभिन्न सामाजिक सङ्घसंस्थाले यस कार्यमा संयुक्त पहलकदमी लिँदै आएका छन्। अघि त्रेता युगमा जनकनन्दिनी (जनककी छोरी) सीता र अयोध्या (कौशलराज्य) का राजा दशरथका पुत्र श्रीराम जनकपुरमा विवाह हुँदा दुलहा/दुलही (बेहुला/बेहुली) बनेका सम्झनास्वरुप राम सीताका प्रतिमा डोलीमा राखेर घुमाइने यात्राको एकपक्ष रहेको महोत्तरीको मटिहानीस्थित लक्ष्मीनारायण मठका मुख्य साधु रवीन्द्र दास वैष्णव बताउनुहुन्छ। हिन्दू परम्परामा राम सीतालाई विष्णु/लक्ष्मीका अवतार मानिन्छ। मङ्सिर शुक्ल पञ्चमीमा विवाह भएपछि अरु सबै अयोध्या फर्के पनि राम सीता भने जनकपुरमै रहेर फागुन शुक्लपक्षभरी मिथिलाका विभिन्न ठाउँको विहार गर्दै घुमेका विश्वासमा रामसीताको पदचाप पछ्याउँदै माध्यमिकी परिक्रमाको परम्परा बसेको वैष्णवको भनाइ छ।

धनुषाको ठेराकचुरीबाट शुरु भएर हनुमानगढीको बासपछि दोस्रो दिन भारत प्रवेश गर्ने यो यात्रामा चौथो दिन महोत्तरी जिल्ला प्रवेश गरिन्छ। आठौं दिनको रात्रि विश्रामपछि पुनःधनुषा प्रवेश गरिने यो यात्रा १३औं दिन फेरि भारत पुग्छ। अनि १४औं दिन भारतको बिसौल रात्रि विश्राम गरेपछि १५औं दिनको रात्रि विश्रामका लागि यात्री जनकपुरधामस्थित बाऱ्हबिघा (रङ्गभूमि) मैदान पुग्छन्। अन्त्यमा १६औं दिन बिहान जनकपुरको अन्तगृह परिक्रमा गरेपछि माध्यमिकी यात्रा पूरा भएर होली (फागु) पर्व मनाउने मैथिल परम्परा छ। परिक्रमामा नेपाल र भारतको गरी १३३ किलोमिटर दूरीमा पैदल यात्रा हुने गरेको छ।

मिथिला माध्यमिकी परिक्रमाले नेपाल र भारत दुई देशबीचको सांस्कृतिक सम्बन्ध जीवन्त राख्नसँगै मिथिला सभ्यता र संस्कारलाई समृद्ध बनाउने र त्यसको अनुशरणका लागि प्रेरणा मिल्ने जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णव बताउनुहुन्छ। परिक्रमाका क्रममा पुगिने सबै धार्मिकस्थल रामायणको विशेषता र रामसीताको वैवाहिक सम्बन्धसँग जोडिएका स्थानका रुपमा चिनिन्छन्। परिक्रमा अवधिभरि सहभागी यात्रुले चोखो खानेकुरा (सात्विक भोजन) खाने, लसुन, प्याज सेवन नगर्ने, खाली खुट्टा हिँड्ने, बिहानै उठेर नुहाइधुवाइ गरी भजन कीर्तनमा सहभागी हुनुपर्ने नियम छ।

परिक्रमामा धार्मिक, जातिगत या अन्य कुनै पनि भेदभाव रहँदैन, परिक्रमा गर्ने भक्तालु समान र विशिष्ट मानिन्छन्। मिथिलाका तीन परिक्रमा (बृहत्, माध्यमिकी र अन्तगृह) मध्ये कुनै परिक्रमा जीवनमा एकफेरा मात्र पनि निष्ठापूर्वक गरिएमा परमात्मा प्राप्त हुने र मोक्ष मिल्ने हिन्दू मैथिल जनविश्वास रहेको साधु सन्तको भनाइ छ।

# कोभिड-१९ सङ्क्रमणबाट निधन हुने शून्य

**टुडे एक्सप्रेस / काठमाडौं**

कोभिड-१९ को सङ्क्रमणका कारण निधन हुनेको सङ्ख्या शून्यमा झरेको छ। पछिल्लो छ सातायता पहिलो पटक विदेशमा सङ्क्रमणका कारण हुने मृत्यु शून्य भएको हो।

गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) का अनुसार गत वर्षदेखि विश्वव्यापीरुपमा फैलियो कोरोना भाइरस सङ्क्रमणका कारण गत सातासम्ममा २१ देशमा रहेका ३४१ नेपालीको निधन भएको थियो।

गैरआवासीय नेपाली सङ्घ, स्वास्थ्य समितिका संयोजक डा सञ्जीव सापकोटाका अनुसार यस साता कोरोना सङ्क्रमण दरमा समेत उल्लेख्यरुपमा कमी आएको छ। यस साता स्वीडेन, स्पेन, केन्या, युएइमा रहेका थप नेपालीमा थप कोरोना सङ्क्रमण देखिएको छ। उनका अनुसार हालसम्म ५३ देशमा ६३ हजार ३०७ नेपालीमा कोरोना पुष्टि भएको छ।

तीमध्ये ६१ हजार २३७ सङ्क्रमण मुक्त भएका छन्। कोरोनाका कारण नेपालमा तीन हजार १४ जनाको निधन भएको छ।

नेपालमा कोरोनाबाट सङ्क्रमण हुनेको सङ्ख्या दुई लाख ७५ हजार १७८ जना भने दुई लाख ७१ हजार २४९ कोरोनाबाट मुक्त भएका छन्। सङ्क्रमणमुक्त हुने दर ९८ दशमलव ६ प्रतिशत छ।

## कारागार भेटघाटका लागि खुला

समितिका संयोजक डा सापकोटाका अनुसार हाल विश्वभर प्रयोगमा रहेका खोप सुरक्षित रहेकाले ढुक्क भएर खोप लगाउन आग्रह गरेका छन्।

उनले केही अपवादबाहेक खोप प्रयोगबाट गम्भीर समस्या नदेखिएकाले खोप लगाउन आह्वान समेत गरे।



**श्रीरस्थानमा बलिरहेको ज्वाला**

दैलेखको पञ्चकोशी तीर्थस्थलमध्ये ऐतिहासिक श्रीरस्थानमा बलिरहेको ज्वाला। धार्मिक तथा ऐतिहासिक यस तीर्थस्थलको अवलोकन गर्न स्वदेशी तथा विदेशी पर्यटकहरूको आगमन हुने गर्दछ। तस्बिर : रत्न श्रेष्ठ रासस

# बजार क्षेत्रमा छैनन् 'फायर हाइड्रेन्ट'

**टुडे एक्सप्रेस / कावासोती**



बजार क्षेत्रमा कुनै आगलागीका घटना घटयो भने दमकललाई पानी खोज्दै खोलातिर जानुपर्ने बाध्यता रहेको छ । नजिकै पानी भर्न मिल्ने कुनै स्रोत नहुँदा समयमा आगलागी नियन्त्रण गर्न नसकी थप क्षति हुने खतरा रहेको छ। दमकललाई पानी भर्न मिल्ने गरी 'फायर हाइड्रेन्ट' नहुँदा आगलागीका कुनै घटना घटे समस्या पर्ने देखिएको छ। नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरका मुख्य बजार क्षेत्रमा 'फायर हाइड्रेन्ट' बनाइएको छैन।

जिल्लाको सदरमुकामका रूपमा रहेको कावासोतीमा समेत फायर हाइड्रेन्ट छैन। यसअघि कावासोतीको फलफूल चोकमा एउटा 'फायर हाइड्रेन्ट' रहे पनि प्रयोगविहीन बनेको थियो। धेरै वर्षपहिले निर्माण गरिएकाले जीर्ण भएको उक्त 'फायर हाइड्रेन्ट' अहिले नारायणगढ-बुटवल सडक विस्तारका क्रममा बाटोमा पर्ने भएपछि उखालिएको छ।

दमकललाई पानी भर्न मिल्ने गरी प्रविधि जडान गरिनुलाई 'फायर हाइड्रेन्ट' भनिन्छ। 'फायर हाइड्रेन्ट'बाट दमकलका लागि सहजरूपमा पानी निकाल्न सकिने हुँदा बजार क्षेत्रमा कुनै आगलागीका घटना घटे समयमा निभाउन सकिन्छ। बजार क्षेत्रको नजिक कमै मात्र खुल्ला पानीका स्रोत हुन्छन्। यसकारण फायर हाइड्रेन्ट बनाउनु अति आवश्यक हुन्छ। कावासोतीमा चाँडै फायर हाइड्रेन्ट निर्माण गरिने कावासोती खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका अध्यक्ष भीमलाल कँडेलले बताउनुभयो। खानेपानीले डिपीआर तयार गर्दै गरेको र बजार क्षेत्रमा कहाँकहाँ राख्न उपयुक्त देखिन्छ सो क्षेत्रमा फायर हाइड्रेन्ट राखिने अध्यक्ष कँडेलले बताए। 'हामीले हाम्रो सामाजिक उत्तरदायित्वका रूपमा लिएका छौं, कावासोतीमा करीब आठदेखि १० स्थानमा 'फायर हाइड्रेन्ट' बनाउने छौं,' अध्यक्ष कँडेलले भने, 'करीब छ महिनासम्ममा बनाउने योजना छ।' कावासोती बजार क्षेत्रमा कुनै आगलागीका घटना घटे समयमा दमकलको सहायतामा पानी निकाली आगोबाट हुने क्षति न्यूनीकरण होस् भनेर यसको योजना बनाएको उनको भनाई छ।

प्रगतिनगर खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले देवचुलीका चार स्थानमा 'फायर हाइड्रेन्ट' निर्माण गरेको छ। दुई स्थामा बोरिङबाट सहजरूपमा पानी निकाल्न मिल्ने गरी 'फायर हाइड्रेन्ट'का रूपमा विकास गरिएको संस्थाका अध्यक्ष खिमानन्द भुषालले बताए। फायर हाइड्रेन्ट निर्माणपछि प्रयोगमा समेत ल्याइएको र यसले आगलागीबाट हुने क्षति न्यूनीकरणमा सहयोग पुगेको उनको भनाइ छ।

'फायर हाइड्रेन्ट नहुँदा दमकललाई खोलातिर पानी खोज्न जानुपर्थ्यो, अहिले यहीं भएको छ, केही मिनेटमा चाँडै पानी भर्दासमेत धेरै क्षति न्यूनीकरणमा यसले सहयोग पुर्‍याउँछ', उनले भने। राजमार्गसँग जोडिएका नवलपुरका धेरै बजार क्षेत्रमा अझै पनि फायर हाइड्रेन्ट बन्न सकेका छैनन्। यसमा स्थानीय तहलेसमेत चासो दिन आवश्यक रहेको बजार क्षेत्रका बासिन्दाको भनाइ छ।

# डिजेले नागरिकलाई सास्ती

**दुर्गा देवकोटा / टीकापुर**

कैलालीका गाउँमा विवाह तथा भोजका नाममा रातभरि बजाइने बाजा तथा डिजेले नागरिक दिक्क भएका छन्। गाउँघरमा विवाह तथा भोजका नाममा बजाइने बाजागाजाले नागरिकलाई सास्ती भएको छ। टीकापुर नगरपालिका-५ की सन्ध्या चौधरी सुत्केरी भएको सात दिन भयो।

उनको छिमेकमा विवाह थियो। छिमेकमा चार दिनसम्म डिजे बजाइयो। भर्खरै सुत्केरी भएकी सन्ध्यालाई निकै तनाव भयो। उनले रातिको समयमा राम्ररी सुत्न पाइनन्। साथै भर्खर जन्मिएको बच्चा तर्सिन थाल्यो। 'सुत्केरी अवस्थामा पर्याप्त आराम चाहिन्छ, छिमेकमा विवाह थियो, नबजाउनु भन्न सकिएन', सन्ध्याले भनिन्, 'रातभर सुत्न सकिएन, बच्चा पनि ठूलो आवाजले होला तर्सन थालेको छ, बाजाले कस्तो असर पार्छ भन्ने बल्ल बुझेकी छु।'

जानकी गाउँपालिकाका ७६ वर्षीय रुपराम कामीलाई पनि रातभर गाउँमा बजाइने डिजेको असर निकै पर्छ। उनको गाउँमा पनि विवाह तथा भोजमा मात्र होइन, कसैको जन्मदिन भएमा पनि रातभर ठूलो स्वरमा बाजा बजाइने गरिन्छ।

'म बूढो मानिस गाउँमा रातभर बाजागाजा बजाएमा सुत्न सकिँदैन, मलाई उच्च रक्तचापको समस्या छ, रातभरि नसुत्दा स्वास्थ्यमा असर पर्छ", उनले भने, 'मैले त अत्ति भएपछि गाउँपालिकामा गएर वडाध्यक्षलाई रोक्न आग्रह गरे तर गाउँका मानिस अटेरी हुने रहेछन्, अहिले पनि यस्तै छ।'

त्यस्तै रातिको समयमा ठूलो स्वरमा बाजागाजा बजाउँदा विद्यालय पढ्ने बालबालिकालाई बढी समस्या हुने गरेको छ। रातिको समयमा बाजाको आवाजले बालबालिकाले पढ्न नपाउने, निद्रा पूरा नहुँदा भोलिपल्टको पढाइमा असर पर्ने गरेको छ। विद्यार्थी सुलभ साउदले गाउँमा बजाइने डिजेका कारण आफूलाई बढी असर परेको बताए। 'ठूलो आवाजमा गाउँ नै थर्किने गरी बाजा बजाउँदा पढाइमा मन जाँदैन', उनले भने, 'सरकारले यसलाई रोक्नपर्छ, निश्चित समय तोक्नुपर्छ।'

यसरी रातिको समयमा बाजागाजा बजाउँदा बालबालिका जम्मा हुने भएकाले गलत बाटोमा जानसक्ने डर पनि त्यत्तिकै छ। यसरी भीडभाड भएमा झैँझगडा हुनसक्ने, चोरी लुटपाटजस्ता जोखिम रहेको स्थानीयवासी झपट बुढा बताउँछन्।

'रातिको समयमा बालबालिका जम्मा भएमा गलत बाटोमा लाग्न सक्छन्', बुढा भन्छन्, 'रमाइलोका नाममा अरुलाई असर गर्ने गरी गर्न हुँदैन, यसरी गाउँलाई नै असर पार्ने गरी रातिको समयमा बजाइने बाजा नियन्त्रण गर्नुपर्छ, रमाइलो दिउँसो गरे भैहाल्छ नि।'

अरुलाई असर हुने गरी बाजा बजाएमा टीकापुर प्रहरीले सम्झाउने र बाजा बजाउने काम बन्द गर्न लगाउने इलाका प्रहरी कार्यालय टीकापुरका प्रहरी निरीक्षक अरुण बम बताउँछन्। 'कहिलेकाहीँ हामीलाई रातभर सुत्न पाइएन भनी छिमेकीले नै फोन गर्ने पनि गर्नुभएको छ, हामीले रातिको समयमा अरुको निद्रामा असर पार्ने गरी नबजाउन आग्रह गर्ने, बन्द गर्न लगाउने गरिरहेका छौं', प्रहरी निरीक्षक बमले भने, 'गाउँमा देखिने यस्ता समस्या समाधानका लागि हामीले बस्तीस्तरमा स्थानीयवासीकै सक्रियतामा सुरक्षा समिति गठन गरेका छौं, समितिले अब समुदायका यस्ता समस्या हल गर्नेछन्।'

# आगलागीमा नौ लाखको क्षति

**टुडे एक्सप्रेस / इनरुवा**

सुनसरीको बराहक्षेत्र नगरपालिका-५ तिनकुनेस्थित एक कृषि फार्ममा आगलागी हुँदा नौ लाख बराबरको क्षति भएको छ। स्थानीय बराह कृषि फार्ममा आज एक्कासि बिजुलीबाट तार सर्ट भएर आगलागी हुँदा रु नौ लाख बराबरको क्षति भएको जनाइएको छ। आगलागीमा परेर कृषि फार्मको सम्पूर्ण सामग्री जलेर नष्ट हुनुका साथै फार्मभित्र रहेको चार वटा भैँसी र दुई वटा बोकासमेत जलेर नष्ट हुँदा सो बराबरको क्षति भएको सुनसरीका प्रहरी नायब उपरीक्षक नरेन्द्रकुमार कार्कीले बताए।

आगलागीमा परेर फार्म सञ्चालक अमरबहादुर कार्कीसमेत घाइते भएको प्रहरीले जनाएको छ। फार्ममा लागेको आगो निभाउने क्रममा कार्कीको पछाडिको भाग पूरै र अगाडिको भाग सामान्य जलेर क्षति भएको प्रहरी नायब उपरीक्षक कार्कीले बताउनुभयो। सोही घटनामा परेर हरिबहादुर खत्री सामान्य घाइते भएको प्रहरीले जनाएको छ।

घाइते कार्कीलाई उपचारका लागि बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान पठाइएको छ। स्थानीवासी, वारुणयन्त्रण र प्रहरीको सहयोगमा आगो निभाइएको थियो।

# स्वास्थ्य शिविरबाट ४४४ लाभान्वित

**टुडे एक्सप्रेस / कञ्चनपुर**

शुक्लाफाँटा नगरपालिका-९ सिसैयाम आयोजना गरिएको एकदिने स्वास्थ्य शिविर कार्यक्रमबाट ४४४ जना लाभान्वित भएका छन्।

वडा नं ९ कार्यालयले आयोजना गरेको शिविरमा स्वास्थ्य सेवा लिन आएका बिरामीको निःशुल्क जाँच, महिलाको पाठेघर जाँच, आँखा जाँचसँगै निःशुल्करूपमा औषधि वितरण गरिएको छ। शिविरमा आँखारोग विशेषज्ञ, स्त्रीरोग विशेषज्ञ, एमडिजिपी, एमपिबिएमलगायतले सेवा प्रदान गरिएको वडाध्यक्ष रमेशबहादुर ऐरले बताए।

शिविरमा आँखा जाँच गराउन आएका २५० जनामध्ये कमजोर दृष्टि दोष रहेका १०० बिरामीलाई निःशुल्करूपमा चश्मा वितरण गरिएको छ।

आँखामा मोतियाविन्दु भएका ३१ बिरामीलाई निःशुल्क शल्यक्रियाका लागि सिफारिस गरिएको छ। शिविर सञ्चालनका लागि रु दुई लाख बजेटको व्यवस्था गरिएकामा रु एक लाख निःशुल्क औषधि वितरण गर्नका लागि खर्च भएको वडाध्यक्ष ऐरले बताए।

आँखाको उपचार गर्न शिविरमा पुगेका ५० वर्षीय राजेन्द्र बोहराले घरआँगनमै सेवा पाउँदा निकै खुशी भएको बताए। 'आँखामा मासु पलाएको थियो', उनले भने, 'चिकित्सकसँग सल्लाह लिन पाएँ, निःशुल्क शल्यक्रिया हुने भएपछि सहज भएको छ।'

दुर्गम क्षेत्रमा रहेका सर्वसाधारणका लागि विशेषज्ञसहितको स्वास्थ्य सेवामा पहुँच पुर्‍याउन स्वास्थ्य शिविर आयोजना गरिएको नगरप्रमुख दिलबहादुर ऐरले बताए।

शिविरका माध्यमबाट अतिविपन्न अवस्थाका व्यक्ति बढी लाभान्वित भएको उनको भनाइ छ। शिविरमा वडा नं ९, १०, ११, ५, ४, ६, ७ र ८ का बासिन्दाले सेवा लिएका छन्।

# खवासलाई आदिवासी जनजातिमा सूचीकृत गर्न माग

**टुडे एक्सप्रेस / विराटनगर**



खवास समाज परिषद् केन्द्रीय कार्य समिति, विराटनगरले छुट्टै अस्तित्व र पहिचान बोकेको खवास जातिलाई आदिवासी जनजातिमा सूचीकृत गर्न माग गरेको छ। परिषद्ले आज यहाँ पत्रकार सम्मेलन गर्दै नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान २०५८ को तथ्याङ्कमा आदिवासी जनजातिकै सूचीमा खवास जाति छुट्न गएकाले यसलाई पुनः सुधार गर्नुपर्ने जनाएको छ।

थारु आयोगको हालै भएको एक छलफलमा थारु जातिको थर पहिचान अनुसन्धान समूहका संयोजक डा डम्बर चेम्जोङ टोलीका अनुसन्धान कर्ताले गहिरिएर अनुसन्धान एवं खवास जातिको अगुवासँग कुनै छलफल नगरी थारु जातिमै मिसाएर सूचीकरण गर्न सिफारिश गरेको देखिएको यसको परिषद्ले भर्त्सना गरेको छ। आइतवारको यो २१औँ शताब्दीमा पनि कसैको पहिचान मेटाएर आफ्नो अधीनमा गर्न अभिष्ट पूरा गर्न खोज्नु न्यायसम्मत नभएको परिषद्का पूर्वध्यक्ष तिलकचन्द्र चौधरी खवासले बताए। सो अवसरमा परिषद्का अगुवा कुमार विक्रम खवास, सन्तलाल खवास, सुरेशकुमार खवास र प्रभागकुमार खवासले खवास जातिले बेग्लै पहिचान बोकेकाले यसको अलग्गै सूचीकरण हुनुपर्ने माग गरे। परिषद्को अध्ययनअनुसार नेपालमा लगभग दुई लाख खवास जातिको बसोबास सुनसरी, मोरङ, झापा, धनुषा र केही पश्चिमी जिल्लामा बसोबास गरेको पाइन्छ।

राष्ट्रिय जनगणना २०६८ का अनुसार देशभरमा १८ हजार मात्र खवास जाति देखाइएकाले यो जातिको सङ्ख्या थारु जातिमा मिसाइएर थारु जातिको सङ्ख्या अधिक देखाएको विषयमा पनि परिषद्ले आपत्ति जनाएको छ।

# सम्पदा क्षेत्र निर्माण गर्दा नेपाली शैली र मौलिकता अपनाइने

**टुडे एक्सप्रेस / मकवानपुर**



वाग्मती प्रदेश भौतिक पूर्वाधार तथा विकासमन्त्री रामेश्वर फुयाँलले प्रदेशका विभिन्न जिल्लामा सडक यातायात, सिँचाइ, तालतलैया, सम्पदा, र राजकुलो निमार्णका लागि प्रदेश सरकारले नेपालीशैली र मौलिकतालाई अवलम्बन गर्नु निर्देशित दिइएको बताएका छन्।

वाग्मती प्रादेशिक एवं स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रमका लागि प्रदेशका विभिन्न जिल्लाका जनप्रतिनिधि र भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव सञ्जीव बरालबीच भएको सम्झौताको हस्तान्तरण समारोहमा आईतवार उनले प्रदेश राजधानी हेटौँडालगायत काठमाडौँ उपत्यकाका ढुङ्गेधाराको पुनर्निमाण, सडकलाई कालोपत्र गर्ने र तुइनलाई विस्थापित गर्ने कार्यमा सरकारले उच्च प्रथामिक्ता दिई कार्य गरेको उल्लेख गरे।

उनले आफ्नो मन्त्रालयले तीन वर्षको अवधिभित्र प्रदेशका १३ जिल्लामा ८९० किलोमिटर सडक निर्माण, ४०५ किमि सडकमा ग्राभेलिङ र २१९ किमि सडकमा कालोपत्र गर्ने कार्य समपन्न गरेको पनि स्पष्ट पारे। मन्त्री फुयाँलले प्रदेशका विभिन्न जिल्लामा अहिलेसम्म गरी ३३ वटा पक्की पुलको निर्माण सम्पन्न गरिसकिएको र अहिले काठमाडौँ उपत्यका, मकवानपुरको थाहा नगरपालिका र ललितपुर, नुवाकोटमा समेत गरी २४ वटा राजकुलोको निर्माणकार्यलाई तीव्रता ल्याइएको बताए।

उनले सडक यातायात, झोलुङ्गे पुल, तालतलैया, सिँचाइको निर्माण गर्ने क्रममा दिगो र जीवन्त राख्न सकिने र गुणस्तरीय सेवा निर्माणका लागि सरकारले आवश्यक स्रोतसाधन र प्राविधिक जनशक्ति उपलब्ध गराइसकिएको उल्लेख गरे। मन्त्री फुयाँलले प्रदेश राजधानी हेटौँडाअन्तर्गत पर्ने पूर्व-पश्चिम राजमार्गको चुरियामाई मन्दिर नजिक ऐतिहासिक १०४ वर्ष पुरानो २०० मिटर सुरुङमार्ग निर्माणका लागि अन्तर्राष्ट्रियस्तरको बोलपत्रको सूचना आह्वान गरिसकिएको र छिट्टै निर्माण शुरु गरिने बताए।

उनले मकवानपुरको थाहा नगरपालिकाको दामन, पालुङ, चित्लाङमा गरी ऐतिहासिक ११ र उपत्यकाको तीन गरी १४ वटा ढुङ्गेधाराको निर्माणलाई प्रदेश सरकारले तीव्रता दिइरहेको बताए।

सम्झौता हस्तान्तरण कार्यक्रममा वाग्मती प्रदेश प्रादेशिक एवं स्थानीय सडक निर्माण र सुधार कार्यक्रमका प्रमुख अधिकृत मोहन चापागाईंले प्रदेशका विभिन्न जिल्लाबाट सडक र झोलुङ्गे निर्माणका लागि माग भई आएका ६० वटा निवेदनमाथि एक हप्ताभित्र छानबिन गरी पहिलो चरणमा ठाउँ तोकिने र बोलपत्र आह्वान गर्न गृहकार्य भइरहेको जानकारी दिए।

म्यान्मार आन्दोलन :

# भूमिगत नेताले गरे सैन्य शासनविरुद्ध ‘क्रान्ति’ जारी राख्ने घोषणा



**बिबिसी**

म्यान्मारमा सैन्य कूका कारण सत्ताच्युत भएको समूहका नेताले सैन्य शासनविरुद्ध क्रान्तिलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेका छन्।

गत माघ १९ गते सेनाले देशको शासनसत्ता आफ्नो हातमा लिएपछि पहिलो पटक सार्वजनिक सम्बोधन गर्दै नेता मान विन खाइन थानले भनेः ‘यो देशका लागि सबैभन्दा अँध्यारो क्षण हो अनि बिहानी आउन लागेको बेला हो।’

भूमिगत रहेर नै उनले सैन्य कू स्वीकार गर्न नमान्ने सांसदहरूको एउटा समूहको नेतृत्व गरिरहेका छन्। सेनाले सत्ता हातमा लिएर न्याश्नल लीग फर डेमोर्क्यासी (एनएलडी)की नेत्री आङ सान सू चीलाई नियन्त्रणमा लिएपछि म्यान्मारमा आन्दोलन भइरहेको छ।

गत वर्षको निर्वाचनमा एनडीएल बहुमतसहित विजयी भएको थियो। तर सेनाले उक्त निर्वाचनमा धाँधली भएको आरोप लगाएको छ। सेनाले पक्राउ गर्नुअघि नै भाग्न सफल एनडीएलका सांसदहरूले सीआरपीएच नाम एउटा समिति गठन गरेका थिए। मान विन खाइन थान त्यसका प्रमुख हुन्।

सीआरपीएचले म्यान्मारको आधिकारिक सरकारका रूपमा अन्तर्राष्ट्रिय स्तरमा मान्यता प्राप्त गर्न खोजिरहेको छ। स्वतन्त्र अन्तर्राष्ट्रिय पर्यवेक्षकहरू भने सन् २०२० को नोभेम्बरमा भएको निर्वाचनमा धाँधली भएको सेनाको दाबीसँग असहमत छन्।

उनीहरूले निर्वाचनका क्रममा कुनै पनि किसिमको अनियमितता नपाएको जनाएका छन्। गत हप्ता सेनाले सू चीले गैरकानुनी रूपमा छ लाख अमेरिकी डलर अनि ११ किलो सुन स्वीकार गरेको आरोप लगाएको थियो।

त्यसको कुनै प्रमाण भने उपलब्ध गराइएको थिएन। एनडीएल नेत्रीले उक्त आरोपको अस्वीकार गरेकी छन्। विगत पाँच सातादेखि सेनाको नियन्त्रणमा रहेकी सू चीलाई कहाँ राखिएको छ भन्ने खुलाइएको छैन।

## प्रदर्शनकारीहरूलाई जोगाउन खोज्दा इसाई भिक्षुणीले भनिन्, ‘कसैलाई मार्नैपर्छ भने मलाई गोली ठोक’

क्याथोलिक सिस्टर एन रोज नु टङ सैनिक कूपछि अस्तव्यस्त भएको म्यान्मारमा एकताको प्रतीक बनेकी छन्। बौद्ध धर्मावलम्बीहरूको बाहुल्य रहेको देशमा यी इसाई भिक्षुणीले सशस्त्र सैनिकहरूको सामना गर्दै देशको उत्तरी सहर मियीचिन्हामा प्रदर्शनकारीहरूको ज्यान जोगाएकी थिइन्।

साहसपूर्वक उनले अरूको प्राणरक्षा गरेको तस्बिरहरू भाइरल भए भने विश्वभरि उनीबारे समाचार प्रकाशित भएको छ। भुइँमा टेकेर आफ्ना हातका पाखुरा फिजाउँदै सिस्टर एन रोजले बर्मेली सैन्य अधिकारीहरूलाई गिर्जाघरको हाताबाट बाहिर जान अनुरोध गरेकी थिइन्।

दुई अधिकारीहरू पनि भुइँमा बसेर प्रार्थना गरे जस्तै गरी हात जोडेर आफूले आफ्नो कर्तव्य निर्वाह गर्नुपर्ने बताएका थिए। ‘साँच्चिकै तपाईंहरूले ज्यान लिनुपर्छ भने कृपया मलाई गोली ठोकिदिनुहोस्, म मेरो ज्यान दिनेछु,’ उनले अधिकारीहरूलाई भनिन्।

दक्षिणपूर्वी एशियामा पर्ने म्यान्मारमा भएको निर्वाचनमा अनियमितता भएको भन्दै गएको गत माघ १९ गते सेनाले सत्ता हातमा लिएयता प्रदर्शनहरू भइरहेका छन्। सैनिक शासनको अन्त्य र गिरफ्तार गरिएका आङ साङ सू चीसहितका निर्वाचित नेताहरूको रिहाइको माग गर्दै भइरहेका प्रदर्शनहरूमा दर्जनौं मानिसले ज्यान गुमाएका छन्। सेनाले निर्वाचित नेताहरूलाई आफ्नो नियन्त्रणमा राखेको छ।

बीबीसी बर्मिजसँग मियीचिन्हामा भएको घटनापछि सिस्टर एन रोजले त्यो बेला आफ्नो मनमा उठेको कुराबारे बताएकी छन्। उनले भनिन्, ‘मैले उनीहरूलाई 'यदि तिमीहरूले मार्नु नै छ भने म ज्यान दिन तयार छु भने। त्यसपछि उनीहरू गए।’

‘त्यहाँ घेराबन्दीमा परेका बच्चाहरू थिए र उनीहरूलाई कता भाग्ने थाहा थिएन। उनीहरू एकदमै डराइरहेका थिए। मलाई लाग्यो मैले त्याग गर्नैपर्छ।’

‘त्यसपछि ती केटाकेटीहरू मेरो वरिपरि जम्मा भए। उनीहरू भोकाएका, तिर्खाएका र डराएका थिए र उनीहरू घर गएर जोखिम मोल्न चाहँदैन थिए।’ तर सैनिक अधिकारीहरूले त्यस क्षेत्रमा रहेका कूविरोधी प्रदर्शनकारीहरूमाथि निरन्तर गोली प्रहार गरिरहे। उनले भनिन्, ‘मलाई लाग्यो संसार नै ढलिरहेको थियो। त्यहाँ गोली चलेको एकदमै आवाज आइरहेको थियो र म चर्चतिर दगुरें।’

‘मैले मानिसहरूलाई 'तल बस' भनेर चिच्याइरहेकी थिएँ, तर त्यो बेला कसैले पनि मलाई सुनिरहेका थिएनन् 'सिस्टर एनले प्रयास गरेको भए पनि उनले जे नचिताएको थियो त्यही भयो। उनी लुकेको ठाउँबाट नजिकै कम्तीमा एक जनाले ज्यान गुमाए। ती युवक भएको ठाउँमा उनी पुग्दा उनको टाउकोमा चोट लागेको थियो र उनी रगतको आहालमा लडिरहेका थिए। ‘म ती घाइते व्यक्तिलाई उठाउन चाहन्थें,’ उनले भनिन्। ‘तर म एक्लै त्यस्तो गर्न सक्दिनथेँ। त्यही भएर मैले चिच्याएर अरूलाई 'मलाई मद्दत गर्न आओ' भनेर बोलाएँ।’ त्यही बेला सिस्टर र उनका सहयोगीहरूमाथि अश्रुग्यास प्रहार गरियो। ‘

मेरा आँखा पोलिरहेको थियो र हामी सबैले गर्मी र रिँगटा लागेको अनुभव गरिरहेको थियो। हामीले शव बोक्न त सक्यौं तर हामी वरपरका सबैजना केटाकेटी रोइरहेका थिए,’ उनी सम्झन्छिन्। ‘हामी सबैले धेरै दुःख खेपिसकेका छौँ।’ संयुक्त राष्ट्रसङ्घले प्रहरी अधिकारी र सर्वसाधारणबीच म्यान्मारमा बढेको हिंसाप्रति गहिरो चिन्ता प्रकट गरेको छ। शनिवार भएका प्रदर्शनका क्रममा १२ जनाको मृत्यु भएको छ।

# श्रीलङ्कामा बुर्का लगाउन प्रतिबन्ध

**बिबिसी, एजेन्सी**

श्रीलङ्कामा सार्वजनिक ठाउँमा बुर्का लगाउन नपाउने भएको छ। राष्ट्रिय सुरक्षाको नाममा सार्वजनिक ठाउँमा बुर्का लगाउन प्रतिबन्ध लगाउँदै श्रीलङ्काले अनुहार ढाक्नैपर्ने भए अरु तरिका अपनाउन भनेको बीबीसीले जनाएको छ।

यसअघि छोटो समयको लागि अनुहार ढाक्नलाई आपतकालीन उपायको रुपमा प्रतिबन्ध लगाइएको तर अब यसलाई स्थायी रुपमै कार्यान्वयन गर्न लागिएको श्रीलङ्काका सुरक्षामन्त्री शरत वीरशेखरले बताएका छन्।



सार्वजनिक ठाउँमा बुर्का लगाउन नपाउनेसम्बन्धी निर्णयमा मन्त्रिपरिषद्मा हस्ताक्षर भइसकेको र संसदले अनुमोदन गर्न बाँकी रहेको उनको भनाइ छ। यस सम्बन्धी व्यवस्थालाई संसदले चाँडै पारित गर्ने र सार्वजनिक ठाउँमा बुर्का लगाउन नपाइने नियमलाई कडाइ गरिने सरकारी अधिकारीहरूले बताएका छन्। सन् २०१९ मा चर्च र होटलमा योजनाबद्ध रुपमा आक्रमण भएसँगै यस्तो निर्णय लिनुपरेको श्रीलङ्काको सरकारले जनाएको छ।

सन् १०१९ को अप्रिलमा क्याथोलिक गिर्जाघर र होटलमा भएको हमलामा परेर २५० जनाको ज्यान गएको थियो। श्रीलङ्कामा बुर्कालाई धार्मिक चरमपन्थको प्रतीकको रुपमा लिँदै आएको छ।

बुर्काका कारण राष्ट्रिय सुरक्षालाई असर गरिरहेको र यसलाई स्थायी रुपमै रोक्न निर्णय लामो समयदेखि रोकिएर बसेको सरकारी अधिकारीहरूले बताएका छन्।

# एन्फा प्रेसिडेन्ट लिग २०७७ नेपालगञ्जमा

**टुडे एक्सप्रेस** / काठमाडौं

अखिल नेपाल फुटबल संघ (एन्फा)को आयोजनामा एन्फा प्रेसिडेन्ट लिग-२०७७ सोमबार देखि पहिलोपटक बाँके जिल्लाको नेपालगन्ज रंगशालामा हुँदैछ।

एन्फाले आइतबार पत्रकार सम्मेलन गरी प्रतियोगिताको बारेमा जानकारी गराएको हो। एन्फाले पहिलोपटक नेपालगन्जमा लिग गर्न लागेको एन्फा केन्द्रीय सदस्य पूर्णमान चित्रकारले बताए। उनका अनुसार मोफसलका टिमलाई पनि राष्ट्रियस्तरको फुटबलमा सहभागी गराउने उद्देश्यले एन्फा प्रेसिडेन्ट लिग आयोजना गरिएको हो।




प्रतियोगिता सात प्रदेशका लिग च्याम्पियन टोलीबीच प्रतिस्पर्धा हुनेछ। लुम्बिनी प्रदेश च्याम्पियन धम्बोझी युवा क्लब (बाँके), प्रदेश नम्बर-१ को लिग च्याम्पियन सैनिक फुटबल क्लब (झापा), प्रदेश नम्बर-२ च्याम्पियन मनकामना युवा क्लब (रौतहट), वाग्मती प्रदेश च्याम्पियन (धादिङ समाज), गण्डकी प्रदेश च्याम्पियन त्रिवेणी युवा क्लब (लमजुङ), कर्णाली प्रदेश च्याम्पियन लेकाली युवा क्लब (जुम्ला) र सुदूरपश्चिम प्रदेश लिग च्याम्पियन स्टारसिटी युवा क्लब (कैलाली)ले प्रतिस्पर्धा गर्नेछन्।

प्रेसिडेन्ट लिगका शीर्ष चार टोलीले एन्फाले आयोजना गर्ने राष्ट्रिय लिग खेल्न पाउनेछन्। प्रतियोगिताको विजेताले १० लाख र उपविजेताले पाँच लाख रुपैयाँ पुरस्कार पाउने एन्फाले जनाएको छ। विद्यागततर्फ फेयर प्ले र सर्वोत्कृष्ट खेलाडीले ५० हजार पाउनेछन्।

उत्कृष्ट गोलकिपर, डिफेन्डर, मिडफिल्डर, स्ट्राइकर र प्रशिक्षकले जनही २५ हजार पाउनेछन्। प्रतियोगिता यही चैत १५ गतेसम्म चल्ने एन्फाले जनाएको छ।

# अमेरिकामा कोरोनाबाट सङ्क्रमित हुनेको सङ्ख्या ३ करोड नाघ्यो

**एजेन्सी**

अमेरिकामा कोरोना भाइरसबाट सङ्क्रमित हुनेको सङ्ख्या ३ करोड नाघेको छ। वल्र्डोमिटरकाअनुसार अहिलेसम्म अमेरिकामा ३ करोड ४३ हजारभन्दा धेरैलाई कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको छ।

विश्वमा कारोना भाइरसका कारण सबैभन्दा धेरै अमेरिका प्रभावित भएको छ।

अमेरिकामा कोरोनाका कारण अहिलेसम्म ५ लाख ४६ हजारभन्दा धेरैको ज्यान गएको छ।

यस्तै, २ करोड २१ लाखभन्दा धेरैले कोरोनालाई जितेका छन्। ११ हजार ३ सयभन्दा धेरैको अवस्था गम्भीर छ। अमेरिकामा कोरोनाका कारण जनजीविकामा नै समस्या परेकाहरूका लागि बाइडेन प्रशासनले १९ खर्बको राहत प्याकेज ल्याएको छ।

यस्तै अमेरिकापछि ब्राजिल सबैभन्दा धेरै प्रभावित छ।

ब्राजिलमा एक करोड १४ लाखभन्दा धेरै मानिसलाई सङ्क्रमण भएको छ भने दुई लाख ७७ हजारभन्दा धेरैको ज्यान गएको छ। यस्तै, सबैभन्दा धेरै प्रभावित भएका देशको तेस्रो स्थानमा रहेको भारतमा एक करोड १३ लाखभन्दा धेरै सङ्क्रमित छन्। त्यहाँ अहिलेसम्म डेढ लाखभन्दा धेरैको कोरोनाका कारण ज्यान गएको छ।

# एकदिवसीय क्रिकेटमा ७ हजार रन बनाउने मिताली

**टुडे एक्सप्रे** / काठमाण्डौ

भारतीय महिला क्रिकेट टिमकी कप्तान मिताली राज एकदिवसीय क्रिकेटमा सात हजार रन पूरा गर्ने विश्वको पहिलो महिला क्रिकेटर बनेकी छिन्।

आइतवार लखनउमा भएको दक्षिण अफ्रिकासँगको चौथो एकदिवसीय क्रिकेटमा ३८ वर्षीया मिताली राजले यो कीर्तिमान बनाएकी हुन्। आफ्नो करियरमा दुई सय १३ औं एकदिवसीय क्रिकेटमा मिताली राजले यो उपलब्धि हासिल गरेकी हुन्।

यसअघि दक्षिण अफ्रिकासँगको तेस्रो एकदिवसीय खेलमा मिताली राजले अन्तर्राष्ट्रिय क्रिकेटमा दश हजार रन पूरा गरेकी थिइन्। यो उपलब्धि हासिल गर्ने उनी विश्वको दोस्रो महिला क्रिकेटर हुन्।



# राष्ट्रिय ब्याडमिन्टन च्याम्पियनसिप चैत तेस्रो साता

**टुडे एक्सप्रेस** / काठमाडौं

योनेक्स सनराइज एनबीए कप राष्ट्रिय ब्याडमिन्टन च्याम्पियनसिप २०७७ चैत्र १५ देखि १८ गतेसम्म आयोजना हुने भएको छ।

दशरथ रङ्गशालास्थित कभर्डहलमा नेपाल ब्याडमिन्टन संघको आयोजनमा हुने च्याम्पियनसिपमा पुरुष तथा महिला एकल र युगल, मिश्रित युगल, ब्वाईज तथा गर्ल्स अण्डर१७ र भेट्रान्स युगल ४५ गरी ८ विधामा प्रतिस्पर्धा हुने नेपाल ब्याडमिन्टन संघले जनाएको छ।

च्याम्पियनसिपमा नेपाल ब्याडमिन्टन संघसँग आवद्ध जिल्ला ब्याडमिन्टन संघ र आवद्ध हुन बाँकी जिल्ला, विभागीय टोली नेपाली सेनाको त्रिभुवन आर्मी क्लब, नेपाल प्रहरीको पुलिस क्लब र सशस्त्र प्रहरीबलको एपिएफ क्लबका खेलाडीहरूले सहभागिता जनाउन पाउने छन्। करिब २७ लाखको अनुमानित बजेट रहेको च्याम्पियनसिपमा पुरुष तथा महिला एकलका शीर्ष तीन बिजेताले नगद ५० हजार, २५ हजार र १२ हजार ५ सय सहित मेडल र प्रमाण पत्र प्राप्त गर्नेछन्। यस्तै युगलतर्फका शीर्ष तीनले नगद ३० हजार, १५ हजार र ७ हजार ५०० सहित मेडल र प्रमाण पत्र प्राप्त गर्नेछन्।




यस्तै यु-१७ ब्वाईज तथा गर्ल्सका शीर्ष तीन बिजयीले नगद २० हजार, १० हजार र ५ हजार, मेडल र प्रमाण पत्र प्राप्त गर्नेछन्। विश्व ब्याडमिन्टन महासंघको नियमानुसार खेलाइने च्याम्पियनसिपका लागि प्रत्येक जिल्लालाई पुरुष तथा महिला शीर्ष १६ वरीयताबाहेक २ पुरुष र २ महिला कोटा प्रदान गरिएको छ। यस्तै यु-१७ तर्फ पनि प्रत्येक जिल्लाका लागि २ केटा र २ केटीको कोटा प्रदान गरिएको र प्रत्येक टिममा एक जना प्रशिक्षक र एक व्यवस्थापक रहने छन्।

कोटामा परेका प्रत्येक खेलाडीह, प्रशिक्षक र व्यवस्थापकले खान बस्नका लागि नगद ८ सय सुविधा प्राप्त गर्ने छन्।

छापावाल सुन प्रति तोला रु.८६,६००/-
तेजावी सुन प्रति तोला रु.८६,१५०/-
चाँदी प्रति तोला रु.१,२७०/-

# अम्रिसो भारत निर्यात हुँदा नेपालमा कुचोको मूल्य बढ्यो



**देवेन्द्र कार्की / धरान**

पहाडी जिल्लामा उत्पादन हुने नगदेबालीका रुपमा रहेको अम्रिसो कुचोको मूल्य यो वर्ष उच्च भएको छ। अम्रिसो भारत निर्यात हुन थालेपछि यस वर्ष कुचोको मूल्य पनि आकासिएको बताइएको छ। विगतमा प्रतिवटा रु ४० का दरले बिक्री हुँदै आएको अम्रिसो कुचो अहिले बजारमा रु १०० देखि १३० सम्म बिक्री भइरहेको पाइएको छ।

अम्रिसो कुचोको मूल्य गत वर्षको तुलनामा तीनगुणा बढेको सुनसरी धरानस्थित कृषिउपज बजारका व्यवस्थापक लक्ष्मण भट्टराईले जानकारी दिए। उनले गएको वर्षमा रु ४० का दरले बिक्री गर्न पनि कठिनाइ भएकामा अहिले मूल्य बढेको बताए। उनले भने, 'अम्रिसो कुचो भारतीय मजदूरले प्याक गरेर भारत लाने गरेका छन्, नेपाली बजारमा १० प्रतिशत मात्र बिक्री हुने अम्रिसो कुचोको ठूलो बजार भारत हो। अहिले भारततर्फ कम्तीमा पनि ९० प्रतिशत अम्रिसो निर्यात भएको छ।'

पहिले विदेश त्यति निर्यात नहुने गरेको अम्रिसो केही वर्ष यतादेखि भारतीय बजारमा माग बढ्दा यता नेपाली बजारमा मूल्य बढेको बताइएको हो। सामान्य पाखो जमीनमा उत्पादन हुने अम्रिसो कुचोको भाउ यस वर्ष सोचेभन्दा उच्च भएपछि कृषक भने खुशी भएका छन्। कतिपय किसान अम्रिसो खेतीमा लाग्न थालेका छन्।

धरान-२० विष्णुपादुकाको तामाखाममा करीब पाँच बिघा जग्गाको पाखो भित्तामा अम्रिसो खेती गर्दै आएका कृषक आइत राई यो वर्ष मूल्य राम्रो पाउँदा खुशी भएका छन्। 'यसमा हाम्रो केही मेहनत हुँदैन। एक पटक रोपेपछि धेरै वर्षसम्म केही गर्नुपर्दैन। पाखा बारीमा लगाएको अम्रिसोले राम्रै आम्दानी गर्‍यो', कृषक राईले भने। एकपटक रोपेपछि करीब २० वर्ष खासै स्याहार, गोडमेल, मल पानी लगाउन नपर्ने भएकाले लागत खर्च कम हुने गरेको छ। भाउ बढ्यो भने फाइदैफाइदा छ। यो वर्ष कुचोको भाउ बढेकाले कृषक निराश हुनु नपरेको कुचो व्यवसायी बिनोद कुलुङ बताउँछन्।

विनोद कुलुङ, दीपक साहलगायतले धरानको कृषिउपज बजारमा कुचो बिक्री गर्दै आएका छन्। उनीहरूले कृषकबाट अम्रिसो सङ्कलन गरेर भारतीय बजारमा पठाउने गर्छन्। अहिले भारतीय बजारमा यसको निर्यात बढ्न थालेपछि धेरै किसान तथा व्यवसायी अम्रिसोको उत्पादन व्यवसायमा लागेका पाइएको छ।

कृषिउपज बजारका व्यवस्थापक भट्टराईका अनुसार चालू आर्थिक वर्षको फागुनको पहिलो सातासम्ममा चार हजार ५०० मेट्रिकटन अम्रिसो कुचोको कारोवार भएको छ। हालकै मूल्य कायम रहे रु ५६ करोडभन्दा बढीको आम्दानी हुने बजारले अनुमान गरेको छ। कुचो चैत र वैशाखसम्म बिक्री हुन्छ। गत वर्ष तीन हजार ६९९ मेट्रिकटन कुचो बिक्री हुँदा रु १५ करोड मात्र आम्दानी भएको थियो।

कुचोको मुख्य याम माघबाट शुरु भई वैशाखसम्म आउने गर्छ। नेपालमा उत्पादन भएकामध्ये १० प्रतिशत मात्र यहाँ खपत हुने गरेको कृषिउपज बजारको अध्ययन छ। अम्रिसो व्यवसायी विनोद राईले फागुन पहिलो सातासम्ममा करीब १० टन अम्रिसोको कारोवार भएको बताए। यो वर्ष उनले मात्र रु १३ लाखको कारोवार भएको जानकारी दिए।

सामुदायिक वन क्षेत्र वा निजी जग्गामा रोपिएको अम्रिसो खेतीबाट किसानले वार्षिक रूपमा लाखौंको आम्दानी गर्ने गरेका छन्। सामद्रदायिक वन क्षेत्रको नाङ्गो डाँडा र आफ्नो बारीलाई सदद्रपयोग गर्दै यो खेतीलाई आम्दानीको मुख्य स्रोत कृषकले बनाएका छन्। अम्रिसो खेतीमा कम लगानी, कम मेहनत र बढी आम्दानी हुने स्रोत हो।

अम्रिसोको फूलबाट कुचो प्रयोग गर्न सकिने र अर्कातर्फ पात खुवाउँदा गाई भैँसीको दूध बढ्ने किसानको भनाइ छ। 'गाईबस्तुका लागि पोसिलो घाँस मानिन्छ', कटारी नगरपालिका- १३ की सावित्री राउत भन्छिन्, 'फूलको कुचो बनाएर बिक्री गर्दा घर खर्च टर्ने पैसा कमाउन सकिन्छ। परिवारलाई पालन-पोषण, शिक्षादीक्षा दिन र चाडपर्वमा खर्च गर्नसमेत अम्रिसोबाट आम्दानी भएको छ।'

अम्रिसोको फूल तयार हुने बेला व्यापारी गाउँघरमै पुग्ने भएकाले बिक्रीका लागि किसानलाई सजिलोसमेत भएको छ। अम्रिसो कुचोका लागि मात्र नभएर अम्रिसो पर्यटकको आकर्षण पनि बन्न थालेको छ। इलामको निस्दी गाउँपालिका-३ झिरुबाँसस्थित काउलेडाँडा कबुलियती वन समूहद्वारा गरिएको अम्रिसो खेतीले पर्यटकलाई लोभ्याउँदै आएको छ। अम्रिसो खेतीले हराभरा बनेपछि यस क्षेत्र पर्यटकीय गन्तव्यका रुपमा विकास भएको छ। पहिले उजाड डाँडा क्षेत्र अहिले अम्रिसो खेतीले रमणीय बनेको स्थानीय बताउँछन्। यहाँको २२५ हेक्टर वन क्षेत्रमा व्यावसायिक अम्रिसो खेती हुँदै आएको छ।

इलामको चिया बगानको झल्को काउलेडाँडाको अम्रिसो खेतीले दिएको छ। व्यावसायिक अम्रिसोखेतीको अध्ययन अनुसन्धान गर्नेहरू रुचिसाथ अम्रिसोको बगानमा पुग्ने गरेको स्थानीय बताउँछन्। दैनिक चारदेखि २० वटा समूहसम्मका पर्यटक काउलेडाँडा पुग्ने गरेका छन्। हिमाली सुन्दर दृश्य, मगर संस्कृति र अम्रिसो बगान सुन्दर दृश्यले पर्यटकलाई लोभ्याउने वन क्षेत्र अहिले स्थानीय बासिन्दाको जीविकोपार्जनमा टेवा पुऱ्याउन सफल बनेको छ।

डाँडाको वन क्षेत्रको अम्रिसोखेतीले पर्यटकलाई लोभ्याउन मात्र सफल मात्र भएको छैन, स्थानीय बासिन्दालाई अम्रिसोको फूलबाट दुईचार पैसा हात पनि परेको छ। अम्रिसो खेतीपछि गाईभैँसी पालनप्रति आकर्षण बढ्दो छ। अम्रिसोको पात घाँसका रुपमा प्रयोग हुन्छ। डाँडाबस्तीमा घाँसको समस्यासमेत अम्रिसोले हल हुँदै गएको स्थानीयवासीको भनाइ छ। अम्रिसोसँगै त्यहाँ तेजपात, टिमुरलगायत बिरुवा पनि रोपिएको छ।

पूर्वी नेपालका पहाडी धनकुटा, तेह्रथुम, भोजपुर, सङ्खुवासभा, खोटाङ, उदयपुर र पाँचथर तथा तराईका सुनसरीको विष्णुपादुका, सेर्गे, मोरङको उत्तरीक्षेत्रमा उत्पादित कुचो धरानमा सङ्कलन हुन्छ। अम्रिसो कृषकबाट जस्ताको त्यस्तै कच्चा मालको रुपमा थोक मूल्यमा खरीद गरेर झापाको धुलाबारी र मोरङको विराटनगरका व्यापारीलाई बिक्री गरेपछि त्यहाँका व्यापारीहरूले थप ब्राण्डिङ, प्याकेजिङ गर्ने र ५० किलोका बण्डल बनाएर भारतीय व्यापारीलाई बिकी गर्ने गरेको कृषि उपज बजारका व्यवस्थापक भट्टराई बताउँछन्।

भारत निर्यात भएपछि बण्डलबाट अम्रिसोको स्टिक झिकेर सानो-सानो मुठाको कुचो बनाएर उपभोक्ताको घरसम्म पुऱ्याउने गरिन्छ। त्यसको मूल्य दोब्बर हुने व्यवसायी बताउँछन्। बजार व्यवस्थापक भट्टराईले भने, 'नेपालमै तयारी अवस्थाको कुचो बनाएर ब्राण्डिङ, प्याकेजिङ, मार्केटिङ र लेवलिङ गर्ने हो भने वार्षिक अर्बौं रुपैयाँको कुचो भारत निर्यात गर्न सकिन्छ। तर त्यसका लागि सरकारले पूर्वाधार तयार गर्न जरुरी छ।'

नेपालको भौगोलिक बनावटअनुसार अम्रिसो कुचो खेती गर्ने प्रशस्त ठाउँ रहेको छ। पहाडी क्षेत्रमा यस कुचोको राम्रो उत्पादन हुने गरेको छ। तर भारतीय बजारमा यसको माग अधिक भएको सूचना नपाउँदा कृषकले उत्पादन गरेको कुचो त्यत्तिकै खेर गएको छ। उत्पादन भएको अम्रिसो कुचोलाई ब्राण्डिङ, प्याकेजिङ, मार्केटिङ र लेवलिङ गर्ने काम नेपालमा व्यवस्थापन गर्ने हो भने यसले राम्रो आम्दानी नेपाल भित्र्याउन सकिने व्यापारीहरू बताउँछन्।

नेपाली अम्रिसो भारतको पश्चिम बङ्गाल, गुजरात, राजस्थान, पञ्जाब, बेंगलोर, दिल्ली, आन्द्र प्रदेशलगायत राज्यमा जाने गरेको छ। आर्थिक वर्ष ०७४/७५ मा पूर्वी नाका हुँदै रु ४२ करोड २६ लाख ५६ हजारको १३ हजार २०८ टन अम्रिसो निर्यात भएको प्लान्ट क्वारेन्टाइन कार्यालय काँकडभिट्टाको तथ्याङ्कमा देखिएको छ।

विकिपिडियाका अनुसार अम्रिसोलाई लामो डाँठ हुने एक प्रकारको घाँस भनेको छ। यो नेपालको मध्य तथा पूर्वी पहाडी भेगमा प्रशस्त पाइन्छ। अम्रिसो फुल्दा त्यसको माथिबाट कुचो निस्कन्छ। ताप्लेजुङ, इलाम, पाँचथर, तेह्रथुम, धनकुटा, आदि स्थानमा कुचो कृषकको मुख्य आम्दानीको एक स्रोतमध्ये पर्ने गरेको छ। बनस्पति जगतको फूल फुल्ने प्रजातिअन्तर्गत अम्रिसो पर्दछ।

अम्रिसोलाई स्थानीयरूपमा उपलब्ध हुने बहुवर्षीय, बहुउपयोगी घाँस मानिन्छ। यस घाँसमा क्याल्सियमको मात्रा प्रशस्त पाइने भएकाले दुधालु पशुमा देखिने गरेका कतिपय रोगको सम्भावना कम हुन्छ। अम्रिसो एकपटक लगाएपछि १०-१५ वर्षसम्म हरियो घाँस दिइरहन सक्दछ। यसको फूलको झुप्पाबाट कुचो बनाइन्छ भने स्याउला गाईबस्तुको आहाराका रूपमा प्रयोग गरिन्छ।

यसका जरा माटोमा राम्ररी फैलिएर जाने भएकाले भू-संरक्षणका लागि पनि यो उपयुक्त हुन्छ। अम्रिसोको खेती धेरै पहिलोदेखि नेपालका पूर्वी पहाडी क्षेत्रमा गरिँदै आएको पाइए पनि हाल यसको खेती अन्य जिल्लामा पनि बिस्तार भएको पाइन्छ। *रासस*

# अझै खुल्ला भएन सत्ती भन्सार नाका




**झलनाथ खनाल / भजनी**

सरकारले भारतसँग सीमा जोडिएका सिमानाका खुला गर्ने निर्णय गरे पनि कैलालीको सत्ती भन्सार नाका अझै आवतजावतका लागि खुला भएको छैन। नाका नखुल्दा अहिले दैनिक सयौं भारतीय नागरिक लुकिछिपी नेपाल प्रवेश गर्ने गरेका छन्।

खुला सिमानाका कारण नेपाली तथा भारतीय नागरिक लुकिछिपी नेपाल-भारत प्रवेश गर्ने गरेको भए पनि सीमा प्रहरी मुकदर्शक जस्तै बनेको छ। पहिले सो भन्सार कार्यालयमा मात्र सीमासुरक्षा प्रहरीको क्याम्प रहँदा लुकिछिपी आउने क्रमलाई रोक्न चुनौती रहे पनि अहिले एक किलोमिटरको दूरीमा सीमा सुरक्षा प्रहरीको क्याम्प स्थापना भएको छ। अवैधरुपमा प्रवेश गर्नेको क्रम भने घट्नुको साटो दिन प्रतिदिन बढ्दै गएको छ। सरकारले भारतीय नागरिकलाई कोरोना नेगेटिभ भएको प्रमाणपत्र अनिवार्य गरेको छ।

भारतको तिकुनियाँका हरिश कुरेसीले प्रहरीको आँखा छलेर आफूहरू कामका लागि नेपाल प्रवेश गरेको जानकारी दिए। 'नेपाल नआएर घरमा चुलो बल्दैन। दिनभरी सङ्कलन गरेको कवाडी सामान बेचेर घर चलाउछौं', उनले भने, 'प्रहरीलाई पैसा दिएर भए पनि नेपाल आउनु हाम्रो बाध्यता हो। दैनिक २०० भन्दाबढी दैनिक नेपाल आउछन् होला।'

खक्रौला बिओपीका प्रमुख पदमराज भट्टले भन्सारमा सामान आयात निर्यात भए पनि मानिसको आवतजावत भने नभएको दाबी गरे। उनले भारतीय नागरिक नेपाल प्रवेश गरेको सूचना आफूहरूलाई पनि आएको जनाउँदै लुकिछिपी प्रवेश गर्ने ती नाकामा आफ्नो कार्यक्षेत्र नपरेको बताए। 'पहिले खक्रौला बिओपीबाटै हेर्नुपर्ने अवस्था थियो। अहिले कौवाखेडा, कालाकुण्डमा बिओपी स्थापना भइसकेपश्चात् हाम्रो कार्यक्षेत्र घटेको छ', उनले भने, 'हाम्रो क्षेत्रबाट कोही पनि प्रवेश गरेको छैनन्। हामीले मातहतको निकायमार्फत पाएको आदेशलाई पूर्णरुपमा कार्यान्वयन गरेका छौं।'

कालाकुण्डा बिओपी प्रमुख केशव गोइलाले भारतीय नागरिकलाई रोक्नका लागि आफैं लागिपरेको जानकारी दिदैं आफ्नो कार्यक्षेत्रभन्दा बाहिरबाट भारतीय नागरिक प्रवेश गर्ने गरेको बताए। 'पथरैया र मोहना नदीको सङ्गमस्थलबाट भारतीय नागरिक नेपाल प्रवेश गरिरहेका छन्। पथरैया नदी तरेर जानसक्ने अवस्था छैन', उनले भने, 'नदीका कारण पनि अवैधरुपमा आवागमन बढेको छ। सबैभन्दा बढी नागरिकको आवागमन हुने अहिलेको मुख्य प्वाइन्ट जसबहादुर घाट हो।'

चोरीका नाकाबाट भारतीय नागरिक मात्र नभई त्यही मात्रामा नेपाली भारतीय बजार दैनिक उपभोग्य सामानका लागि जाने गरेका छन्। 'हामीलाई आवागमनका लागि निर्देशन त छैन। तर केही व्यावहारिकरुपमा पनि काम गर्नुपर्ने अवस्था हुन्छ,' उनले भने।

मरियाघाट बिओपी प्रमुख मुक्ति खड्काले प्रहरीले २४ सै घण्टा डच्युटी दिन नसक्ने जनाउँदै प्रहरीका आँखा छलेर नागरिकको आवागमन हुने गरेको बताए। 'एक क्षेत्रमा गयो, अर्को क्षेत्रबाट प्रवेश गर्छन्। हामीले प्रयास भने गर्दै आएका छौं', उनले भने, 'भारतीय नागरिकसँग स्थानीयको पनि संलग्नता भएका कारण प्रहरी आएको खबर उनीहरूलाई पुऱ्याउने गरेका छन्।' नदीकै कारण सीमा सुरक्षामा चुनौती थपिएको उनी बताउँछन्।

अहिले भारतसँग जोडिएका सीमानाका खुकुलो हुँदै जाँदा र नागरिकको आवागमन बढ्दा भन्सार कार्यालयको राजश्व सङ्कलनमा समेत गिरावट आएको छ। भन्सार कार्यालयमा अघिल्ला पाँच महीनाको तुलनामा पुस र माघ महीनामा राजस्वमा गिरावट आएको सत्ती भन्सार कार्यालय खक्रौलाका भन्सार प्रमुख विमलकुमार शाहले बताए।

कार्यालयले गत मङ्सिर महीनासम्ममा वार्षिक लक्ष्य पूरा गरिसकेको भएपनि पछिल्ला दुई महीनामा राजस्व सङ्कलनमा केही कमी देखिएको उनी बताउँछन्। उनका अनुसार मङ्सिरमा रु एक करोड ४८ लाख ४७ हजार, पुसमा रु एक करोड ४२ लाख ४७ हजार र माघमा रु एक करोड ३४ लाख २५ हजार राजस्व सङ्कलन भएको थियो। अहिले जिल्लाका सीमाक्षेत्रमा १४ बिओपी स्थापना भएका छन्।

भन्सार सीमाबाट आवागमन असहज हुन थालेपछि नागरिकले चोरीका सिमानाको प्रयोग गर्दै आएका छन्। यसले सीमावर्ती क्षेत्रमा चोरीका घटनमा समेत वृद्धि भएको छ। गाईभैँसी, बाख्रा र अन्य घरायसी सामान चोरी हुन थालेपछि स्थानीय त्रसित छन्। *रासस*

# उद्योग सङ्गठन मोरङमा प्याकुरेल

**टुडे एक्सप्रेस / विराटनगर**



सुयश प्याकुरेलका अध्यक्षतामा उद्योग सङ्गठन मोरङको १४ सदस्यीय नयाँ कार्यसमिति चयन भएको छ। सङ्गठनको शनिबार सम्पन्न ४८ औं साधारणसभाले १७ औं कार्यसमिति चयन गरेको हो। अध्यक्ष प्याकुरेल सर्वसम्मतिबाट छानिएका हुन्।

विसं २०२४ मा उद्योगी जुद्धबहादुर श्रेष्ठ संस्थापक अध्यक्ष भएर स्थापित सङ्गठनको कार्यसमिति १७ सदस्यीय हुने प्रावधान छ। कम्तीमा एक महिलासहित तीन सदस्य अध्यक्षले मनोनयन गर्ने छन्। कार्यसमितिका वरिष्ठ उपाध्यक्षमा प्रदीप मुरारका तथा उपाध्यक्षमा राजकुमार गोल्छा, नन्दकिशोर राठी र भोलेश्वर दुलाल एवं कोषाध्यक्षमा विपीन काबरा निर्विरोध छानिएका छन्।

सदस्यमा सुरेन्द्र गोल्छा, सुदीप घिमिरे, तारानाथ निरौला, सौरभ शारडा, सुबोध कोइराला, इन्द्र खत्री राजन, पारस लनियाँ र सुनिलकुमार धनावत सर्वसम्मतिले निर्वाचित भएको सङ्गठनले जनाएको छ।

# दमौलीमा खुल्यो पूजा सामग्री उद्योग

**टुडे एक्सप्रेस / दमौली**

नेपाल घरेलु तथा साना उद्योग महासङ्घ तनहुँ महिला उद्यमी सभापति कल्पना गौलीले माँ अम्बे पूजा सामग्री उद्योग सञ्चालनमा ल्याएकी छन्।

जिल्लाका महिलालाई रोजगारी प्रदान गर्दै उद्यमशील बनाउने उद्देश्यसहित गौलीले व्यास नगरपालिका-२ कालिकामार्गमा उक्त उद्योग सञ्चालनमा ल्याएकी हुन्।

उद्योगबाट ८५ महिलाले रोजगारी पाएको गौलीले जानकारी दिनुभयो। उहाँका अनुसार दुनाटपरी, बाँधेको धुप, सातथरि काठको दाउरा, पोते, डोरी, टीकालगायतका सामग्री उत्पादनका लागि ती महिलालाई रोजगारी दिइएको छ।

'निकट भविष्यमा नै तामा, चरेश, चाँदी र माटोबाट निर्माण गरिने सामग्री पनि उत्पादन गर्ने लक्ष्य छ', गौलीले भनिन्।

उक्त उद्योगबाट ५०० महिलालाई रोजगारी प्रदान गर्ने उद्देश्य राखिएको उनले बताइन्। दमौली बजारका विभिन्न आमा समूहले उत्पादन गरेका दुना टपरी उक्त उद्योगले खरिद गर्ने गरेको छ।

हाल बजारमा दुना टपरीको राम्रो माग भए पनि स्थानीय सरकारका तर्फबाट भने यसमा सहयोग नभएको गौलीको गुनासो छ।

'फुर्सदिला कम्तीमा ५०० महिलालाई आत्मनिर्भर बनाउने उद्देश्यका साथ विभिन्न प्रकारका पूजा सामग्रीको हाते उद्योग सञ्चालन गरेको हुँ', गौलीले भनिन्।

व्यास-१ गल्वुबेंसीस्थित नव आदर्श आमा समूहले दैनिकरूपमा उत्पादन भएका दुना टपरी उक्त उद्योगलाई बिक्री गर्ने गरेको छ। आमा समूहका १४५ महिलाले टपरी बुन्न थालेका छन्।

उक्त उद्योगको शनिबार नगर प्रमुख बैकुण्ठ न्यौपानेले उद्घाटन गरे। सो अवसरमा नगरप्रमुख न्यौपानेले महिलालाई स्वरोजगार बनाउन आवश्यक तालिम नगरपालिकाका तर्फबाट सञ्चालन गरिने प्रतिबद्धता जनाए।

टुडे एक्सप्रेस राष्ट्रिय दैनिक
२०७७ चैत ०२ सोमवार
MONDAY, MARCH 15, 2021




**फेवाताल** | पोखरा– ६ लेकसाइड गौरीघाटस्थित शिव मन्दिर परिसरमा राखिएको घण्टी र फेवातालको दृश्य ।
तस्वीर : जमुनावर्षा शर्मा, रासस

# लाइफ गार्ड तनावग्रस्त

**टुडे एक्सप्रेस** / मोरङ

विराटनगरको बरगाछीस्थित लाइफ गार्ड हस्पिटल प्रालि आईतवार दिनभरि तनावग्रस्त बनेको छ। उपचारार्थ भर्ना भएका सात वर्षीय बालकको उपचारका क्रममा बिहान मृत्यु भएपछि हस्पिटल दिनभर तनावग्रस्त बनेको हो।

सुनसरीको बर्जु गाउँपालिका-१ शुक्रबारेका सात वर्षीय करन मण्डलको मृत्यु भएपछि मृतकका आफन्तले चिकित्सकको लापरवाहीले बिरामीको मृत्यु भएको भन्दै दिनभर प्रदर्शन गरेका थिए।

गत फागुन २६ गते राति ९ बजे करनले बान्ता गर्न थालेपछि लाइफ गार्ड अस्पतालमा उपचारका लागि भर्ना गरिएको थियो। अस्पताल ल्याउँदा करनको मुखमा डिजलको गन्ध आएकाले डिजेल खाएको भन्दै अस्पतालको आकस्मिक वार्डमा भर्ना गराएको केही घण्टामा नै चिकित्सकको सल्लाहमा भेन्टिलेटरमा राखिएको छिमेकी अर्जुन भण्डारीले बताए।

बच्चाका बारेमा चिकित्सकलाई सोध्दा सुधार हुँदै गएको बताइरहेका बेला बिहान ९:३० मा बालकको मृत्यु भएको अस्पतालले जनाएको बुबा हरमुनि मण्डलले बताए। 'बिहानसम्म बच्चा ठीक थियो, बोलेको पनि थियो', बुबा मण्डलले भने।

आधा घण्टापछि बालकको मृत्यु भएको खबर अस्पतालबाट आउँदा अचम्म लागेको भन्दै भर्ना भएको छोरालाई अस्पतालले घर लैजान भनेपछि किन नलगेको भनी उल्टै हप्काएको हरमुनिले बताए।

चिकित्सकको लापरवाहीका कारण बालकको मृत्यु भएको कारण देखाई पीडितका आफन्तले अस्पतालको मुख्यद्वारमा ताल्चा लगाएर नारा जुलुस गरेका थिए। अस्पताल प्रशासनले चिकित्सकको कुनै लापरवाही नभएको र माग गरिएको क्षतिपूर्ति पनि दिने भनेको छ।

अस्पतालका प्रशासन प्रमुख निरज श्रेष्ठले शनिबार डिस्चार्ज गरिएको बालकको पुनः भर्ना गरिएको जानकारी दिनुभयो। अस्पतालका अनुसार मृतक बालकले डिजेल वा मट्टितेल खाएको हुन सक्ने अनुमान लगाएको छ।

# अर्थमन्त्रीलाई ध्यानाकर्षण

**टुडे एक्सप्रेस** / काठमाडौं



नेपाल सुनचाँदी रत्न तथा आभूषण महासङ्घले बजारमा सुनको कृतिम अभाव भई अवैध कारोवार बढेकाले सहज आपूर्तिको व्यवस्थापन गर्न माग गर्दै अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई ध्यानाकर्षण गराएको छ। सङ्घका अध्यक्ष रमेश महर्जनको नेतृत्वको प्रतिनिधिमण्डलले मन्त्री पौडेललाई भेट गरी बजारमा सुनको मागअनुसारको आपूर्ति हुन नसक्दा यस क्षेत्रमा प्रतिकूल असर परेको जानकारी गराएको हो।

साविकमा दैनिक २५ केजी सुन बिक्री वितरण हुँदै आएकामा कोभिड-१९ का कारण गत वर्ष चैतको पहिलो हप्तादेखि नै दैनिक १० केजीमा आयात झारिएकामा हाल अर्थतन्त्रका सबै क्षेत्र सामान्य अवस्थामा आइसकेकाले सुनको दैनिक कोटा वृद्धि गर्न ध्यानाकर्षण गरिएको छ। मागलाई धान्नै नसक्ने गरी अव्यावहारिक किसिमले आपूर्तिलाई नियन्त्रण गर्दा अवैध गतिविधि बढ्ने तथा राजश्व चुहावट हुने भएकाले वर्तमान अवस्थामा दैनिक कोटालाई कम्तीमा पनि ३० केजी बनाउनु पर्ने भनिएको छ।

सुनको बिक्री वितरणलाई विकेन्द्रित गरी नेपाल राष्ट्र बैंकले जारी गरेको सुन आयात तथा बिक्री वितरण कार्यविधि-२०६८ ले तोकेअनुसार काठमाडौंको साथै धनगढी, नेपालगञ्ज, सिद्धार्थनगर, पोखरा, वीरगञ्ज, जनकपुर, विराटनगर र भद्रपुर अन्य आठ वटा स्थानबाट सुनको बिक्री वितरणको व्यवस्था गर्न ध्यानाकर्षण पत्रमा उल्लेख गरिएको छ। प्रतिनिधिमण्डलले मन्त्रिपरिषद् सचिवालयका सचिव बैकुण्ठ अर्याललाई पनि सोही विषयमा आज ध्यानाकर्षण गराएको छ।

# हनुमानढोकाका प्राचीन गरगहना प्रदर्शनीमा

**टुडे एक्सप्रेस** / काठमाडौं

हनुमानढोका दरबार क्षेत्रको ढुकुटी भवनमा प्राचीन एवं मौलिक स्वरुपका गरगहना प्रदर्शनी शुरु भएको छ। हनुमानढोका दरबार सङ्ग्रहालय विकास समितिको १० औं वार्षिकोत्सवका अवसरमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री भानुभक्त ढकालले आईतवार प्रदर्शनी उद्घाटन गरे।

विसं २०६८ असार १३ गते हनुमानढोका दरबारस्थित न्हुच्छे चोक र फरासखानाबीचको भवन जीर्णोद्धार गर्ने क्रममा ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक महत्वका सामग्री फलामको सेफमा पुरिएको अवस्थामा प्राप्त भएको थियो। यसरी पाइएको सामग्रीमध्ये केही छनोट गरेर आजदेखि प्रदर्शनीमा राखिएको हो।

प्रदर्शनीमा धार्मिक एवं सांस्कृतिक कार्यमा प्रयोग गरिने देवदेवीका मूर्ति, सुन, चाँदी तथा तामाका गरगहना, सुन चाँदीका सिक्का, इष्ट इण्डिया कम्पनीले जारी गरेका अत्यन्त दुर्लभ सुनका सिक्का, प्राचिन कालका नापतौलका सामग्री, राज्यभिषेक समारोहमा हात्तीको शिरमा सजाइने चाँदीको चन्द्र कलश प्रदर्शनमा छन्। यसैगरी भगवान् श्रीकृष्णलाई चढाउने सुन तथा चाँदीका बहुमूल्य मुकुटलगाययत पनि प्रदर्शनीमा राखिएको समितिका कार्यकारी निर्देशक सञ्जीव खनालले जानकारी दिए।

लामो समयदेखि भण्डार गृहमा थन्किएका यस्ता सामग्री प्रदर्शनीमा राख्नाले त्यसबेलाको कला, धर्म, संस्कृतिबारे आममानिसले जानकारी पाउन् भन्ने उद्देश्य रहेको समितिले जनाएको छ। पहिले प्रयोग भएर अहिले लोप भएका यस्ता सामग्रीलाई पुनर्जागृत गर्न पनि प्रदर्शनीले सहयोग पुग्नेछ।

कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री ढकालले कोरोना भाइरसको सङ्क्रमण फैलिएसँगै गत वर्ष जारी भएको बन्दाबन्दीका कारण पर्यटन क्षेत्र धराशायी बनेको बताए।

कोरोना जोखिम कम भएको र खोपसमेत शुरु भइसकेकाले स्वास्थ्य सुरक्षाका मापदण्डलाई खुकुलो बनाएर पर्यटन क्षेत्रलाई अघि बढाउन लागिएको उनले सुनाए।

कोभिड-१९ को खोप अभियान
कोरोना भाइरस रोगको संक्रमणबाट बच्न सबैले सरकारले तोकेको प्रथमिकता अनुसार आ-आफ्नो पालोमा कोभिड-१९ खोप लगाऔं
- विश्व स्वास्थ्य संगठनबाट प्रयोगका लागी अनुमति प्राप्त यो खोप प्रभावकारी र सुरक्षित छ ।
- आफ्नो क्षेत्रको तोकिएको स्वास्थ्य संस्थामा गई नि :शूल्क खोप लगाऔं ।
- खोप लगाउन जाँदा उमेर खुल्ने सरकारी परिचय पत्र वा वडाको सिफरिस लिएर जाऔं ।
- खोप लगाएपछि खोप कार्ड लिऔं र सुरक्षित राखौं ।
- यो खोपको दुई मात्रा लगाउनुपर्छ । पहिलो मात्रा लगाएको ८ हप्ता पूरा भएपछि, १२ हप्ता भित्रमा दोस्रो मात्रा लगाऔं ।
- यो खोप लगाएपछि खोप लगाएको ठाउँमा दुख्ने, टाउको दुख्ने, शरीर दुख्ने, थकान महसुस हुने, ज्वरो आउने जस्ता समान्य असरहरु हुन सक्छन् । यस्ता असरहरु केही समयपछि आफै ठिक भएर जान्छन् ।
- खोप लगाएपछि पनि साबुनपानीले हात धुने, मास्क लगाउने तथा अर्को व्यक्तिसँग २ मिटर दुरी कायम गरौं ।
कोभिड १९ खोप सम्बन्धी थप जानकारीका लागी नजिकका स्वास्थ्य संस्था वा हटलाइन १११५ वा ११३३ मा फोन गरौ ।
नेपाल सरकार
लक्ष्मीनिया गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
प्रदेश २, नेपाल
Vaccine
Covide-19
10 ml



कोभिड-१९ को खोप अभियान
कोरोना भाइरस रोगको संक्रमणबाट बच्न सबैले सरकारले तोकेको प्रथमिकता अनुसार आ-आफ्नो पालोमा कोभिड-१९ खोप लगाऔं
- विश्व स्वास्थ्य संगठनबाट प्रयोगका लागी अनुमति प्राप्त यो खोप प्रभावकारी र सुरक्षित छ ।
- आफ्नो क्षेत्रको तोकिएको स्वास्थ्य संस्थामा गई नि :शूल्क खोप लगाऔं ।
- खोप लगाउन जाँदा उमेर खुल्ने सरकारी परिचय पत्र वा वडाको सिफरिस लिएर जाऔं ।
- खोप लगाएपछि खोप कार्ड लिऔं र सुरक्षित राखौं ।
- यो खोपको दुई मात्रा लगाउनुपर्छ । पहिलो मात्रा लगाएको ८ हप्ता पूरा भएपछि, १२ हप्ता भित्रमा दोस्रो मात्रा लगाऔं ।
- यो खोप लगाएपछि खोप लगाएको ठाउँमा दुख्ने, टाउको दुख्ने, शरीर दुख्ने, थकान महसुस हुने, ज्वरो आउने जस्ता समान्य असरहरु हुन सक्छन् । यस्ता असरहरु केही समयपछि आफै ठिक भएर जान्छन् ।
- खोप लगाएपछि पनि साबुनपानीले हात धुने, मास्क लगाउने तथा अर्को व्यक्तिसँग २ मिटर दुरी कायम गरौं ।
कोभिड १९ खोप सम्बन्धी थप जानकारीका लागी नजिकका स्वास्थ्य संस्था वा हटलाइन १११५ वा ११३३ मा फोन गरौ ।
नेपाल सरकार
लक्ष्मीनिया गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
प्रदेश २, नेपाल
Vaccine
Covide-19
10 ml



सूचना ! सूचना !! सूचना !!!
कर्मचारी आवश्यकता सम्बन्धी सूचना

प्रदेश २ को पहिलो र एक मात्र एबी मल सिरहा सुपर मार्केट प्रा.लि. गोलबजारको शाखा कार्यलय सिरहा सुपर मार्केट प्रा.लि. जनकपुर – ८ पिडारीचौकका लागि विभिन्न पदमा कर्मचारी आवश्यकता भएको हुनाले योग्यता पुगेका महिला तथा पुरुष इच्छुक उमेदबारले समयमै सम्पर्क गरि आ–आफ्नो स्थान सुरक्षित गर्नुहोस :

| क्र.स. | पद | संख्या | न्यूनतम योगयाता |
|---|---|---|---|
| १ | सेल्सम्यान | २० जना | SEE उतिर्ण वा सो सरह |
| २ | क्यासियर | ५ जना | +2 उतिर्ण वा सो सरह |
| ३ | अकाउंटेंट | १ जना | BBS वा सो सरह |
| ४ | स्टोर इन्चार्ज | १ जना | BBS वा सो सरह |
| ५ | स्टोर असिस्टेन्ट | ३ जना | +2 उतिर्ण वा सो सरह |
| ६ | अफिस ब्वाय | १ जना | SEE उतिर्ण वा सो सरह |
| ७ | क्लिनर | २ जना | सामान्य लेख पढ गर्न सक्ने |

- सैलरी कम्पनीको नियम अनुसार : (दक्ष तथा अनुभवी लाई विशेष ग्राहयता दिइनेछ)
- बायोडाटा तथा प्रमाण–पत्रहरुको प्रतिलिपि बुझाउने अन्तिम मिति : २०७७ साल चैत्र ३ गते मंगलबार सम्म

थप जानकारीका लागि सम्पर्क :
सिरहा सुपर मार्केट प्रा.लि .जनकपुर – ८ पिडारीचौक
मोबाइल : ९८०१५४५३५९

याद राख्नुहोस : एबी मल्ल सिरहा सुपर मार्केट प्रा. लि. गोलबजारको शाखा कार्यलय सिरहा सुपर मार्केट प्रा.लि. जनकपुर - ८ पिडारीचौकमा चाडै संचालन हुन् गइरहेको सम्पूर्णमा सहर्ष जानकारी गराउदछौं ।

प्रधान सम्पादक तथा प्रकाशक : सितल साह, कार्यकारी निर्देशक : रोशन साह, काठमाडौं उपत्यका कार्यालय : मनहरा करिडोर, लालितपुर-९, फोन : ०१-५१८६६२५, कार्यालय : जनकपुरधाम-८, पिडारी चोक, फोन : ०४१-५९००९७, Email : etodayexpress@gmail.com, जिप्रका धनुषा द.नं. १०८, २०६१/०६२, मुद्रण : रोशन अफसेट प्रेस, भक्तपुर